**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर
## The Worker Daily दैनिक


Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १७७ ★ ने. सं. ११४६ दिला थ्व, पञ्चमी ★ आइतबार ★ ३ साउन, २०८३ ★ July 19, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# "देशमा राजनीतिक परिवर्तन ल्याउन निर्वासन, भूमिगत र जेल जीवन झेल्नुपर्‍यो"




भक्तपुर, २ साउन । नेपाल मजदुर किसान पार्टी वडा नं. १ वडा समितिको आयोजनामा कार्यकर्ताहरूबिच एकदिने कार्यशाला गोष्ठी शनिबार सम्पन्न भयो ।

कार्यशाला गोष्ठीमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले साउन १ गते चिनियाँ भाषामा अनुवाद भई विमोचन भएको पुस्तक 'जेलका चिट्ठीहरू' मा रहेको विषयवस्तुबारे प्रकाश पार्नुभयो । उहाँले १० वर्ष हिन्दुस्तानको दरभङ्गा बसेको निर्वासनबारे उल्लेख गर्दै २०१७ सालमा पार्टीहरू प्रतिबन्धित भएपछि अन्य राजनीतिक दलका नेताहरू पनि भारतका विभिन्न ठाउँमा गई पार्टी गतिविधि गरेको बताउनुभयो ।

हिन्दुस्तानीहरूकै कारण बङ्गलादेश छुट्टिएको बताउँदै उहाँले भौगोलिक रूपमा छुट्टिएर रहेका देशका टापुहरू स्वतन्त्र देश हुनुपर्ने मान्यता रहेमा विश्वका अनेकौं टापुहरू भएका देशहरू छुटिने थियो भन्नुभयो ।

देशमा परिवर्तनको निम्ति पार्टी कार्यकर्ताहरूले निर्वासन, भूमिगत र जेल जीवन झेल्नुपरेको अनुभव पनि उहाँले बताउनुभयो ।

अध्यक्ष रोहितले जनतालाई सचेत र सङ्गठित गर्न सिद्धान्त र विचार जनतामाझ पुऱ्याउने उद्देश्यले भियतनामको परिचय, चीन यात्रा, आधार, ध्रुवतारा र नेपालपत्र आदि प्रकाशन भएको बताउनुभयो । प्रतिक्रियावादीहरूले जनताको नि:स्वार्थ सेवा गरेको सहन नसक्ने उल्लेख गर्दै उहाँले बहुमत जनताको हित गर्न वर्गविहीन समाज निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले नेमकिपाले अन्य ठुला दलले भन्दा दुर्गम क्षेत्रमा राजनैतिक चेतना जगाउन सङ्गठनको सुरुआत गरेको बताउनुभयो ।

उहाँले सत्ताधारीहरूको सत्ता र पदलोलुपले देश खोक्रो भएकोले जनताले दु:ख झेलिरहेका छन् भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाले कार्यकर्ताहरूको झोलामा पार्टी साहित्य हुनुपर्ने, साहित्य लेख्ने र अध्ययन गर्ने गुण हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "राजनीतिक कार्यकर्ताहरू अरूको चित्त बुझाएर या सचेत बनाएर पार्टीमा आबद्ध गर्नुपर्दछ । संसारमा कोही जितेको छ भने विचार र सिद्धान्तले जितेको छ ।" पार्टी प्रकाशन गोप्य दस्ताबेज, राजनैतिक कार्यकर्ता बन्ने भाइबहिनीलाई चिट्ठी, हजुरबुबाको चिट्ठी आदि अध्ययन गरी जनतालाई सचेत बनाउनुपर्छ ।"


***बाँकी पृष्ठ ८ मा***


# जाँचबुझ आयोगमा मृतक परिवारहरूको बयानको सार सङ्क्षेप - ५९

**जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक** :

२०८२/०५/२३ गते जियनजेड युवाहरूको भिडमा बाहिरिया व्यक्तिहरूको घुसपैठ रोक्न विशेष सतर्कता अपनाइयो । उक्त भिडमा २-३ सयको सङ्ख्यामा अन्य व्यक्तिहरू मिसिन खोजेपछि दुवै समूहलाई अलग अलग सुरक्षा घेरामा राखेर कार्यक्रम सञ्चालन गर्न लगाइयो । घुसपैठ गर्न खोजेको समूहले आक्रामक र भड्काउपूर्ण भाषण गरेको हुँदा सुरक्षाकर्मीहरूको सङ्ख्या थप गरिएको थियो । कार्यक्रम बेलुका करिब ८:३० बजेतिर शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो ।

२०८२/०५/२४ गते बिहान करिब ९:३० बजेतिर बनेपा र पनौती बजारमा विरोध र प्रदर्शनका कार्यकम हुने जानकारी आयो । कार्यक्रममा अप्रिय घटना घटाउने कोसिस भइरहेको सूचना प्राप्त हुनासाथ तत्काल जिल्ला सुरक्षा समितिको बैठक राखेर सूचना विश्लेषण एवम् छलफल गरियो ।

मानिसहरू असङ्गठित रूपमा जम्मा भई विरोध प्रदर्शन र जुलुस निकाल्ने भन्ने सूचना प्राप्त भएकोले दिउँसो १२:१५ बजेदेखि नेपाली सेनाको धुलिखेलमा रहेको श्रीमेहर गणलाई तत्काल पत्राचार गरेपछि नेपाली सेना परिचालन भएको हो । समयमै कर्फ्युको सूचना सञ्चारमाध्यमहरूमा प्रचार प्रसार गरिएको थियो । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको टोलीले माइकिङ गर्दै सम्झाउने काम भयो । कर्फ्यु तोडेर भिड उत्तेजित, आक्रामक हुन पुगेको अवस्था थियो । करिब १:०० बजेतिर बनेपा र पनौती बजारमा विरोध प्रदर्शन, जुलुस र सभाहरूसँगै हिंसात्मक गतिविधि हुन थाल्यो ।

बनेपा र पनौती बजारमा भिड अनियन्त्रित र ध्वंसात्मक प्रवृत्तिले हिँडिरहेको जानकारी आएपछि सुरक्षा कमान्ड पोस्ट राख्नुका साथै बेलाबेलामा आवश्यक निर्देशन गरिएको थियो । उक्त अराजक भिडले बनेपा नगरपालिकाको कार्यालय, इलाका प्रहरी कार्यालय बनेपा, नेपाली काङ्ग्रेसको पार्टी कार्यालय, नेकपा एमालेको पार्टी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय र बनेपा बजारमा रहेका


***बाँकी पृष्ठ ८ मा***


# विद्यालयमा आइतबारको बिदा हटाइनुपर्छ

- **सुवर्ण श्रेष्ठ**

वि.स. २०८२ फागुन २१ गते भएको संसदीय निर्वाचनमा झण्डै २/३ सांसदहरू विजय भएपछि बालेन्द्र शाहको नेतृत्वमा गठित मन्त्रीपरिषद्ले सरकारी कार्यालयलगायत शैक्षिक संस्थामा साताको दुई दिन बिदा दिने निर्णय गरेको थियो । अमेरिका र इजरायलको इरानसँग युद्ध भएको कारण पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजारमा वृद्धि भयो । नेपालमा पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएको हुँदा पेट्रोलियम पदार्थको खपत घटाउन सरकारले आइतबार बिदा दिएको हो भनी आइतबार बिदाको कारण सार्वजनिक गरेको थियो ।

तर, शिक्षा र स्वास्थ्य क्षेत्रमा आइतबार बिदा गर्दा पर्न सक्ने दूरगामी असरबारे सरकारले सरोकारवाला र विज्ञहरूसँग कुनै छलफल गरेको देखिँदैन । स्वास्थ्य क्षेत्रमा आइतबार बिदा नगर्ने कुरा सार्वजनिक भएपछि स्वास्थ्य क्षेत्रका कर्मचारीहरूले आफूहरूलाई पनि अन्य राष्ट्रसेवक कर्मचारीसरह सेवा-सुविधा र बिदा चाहिन्छ भनी आन्दोलन गरे । सरकारले स्वास्थ्य क्षेत्रमा पनि आइतबार बिदा गऱ्यो । यसरी, सबै क्षेत्रमा साताको दुई दिन बिदा गर्ने सरकारी नीति स्पष्ट भयो ।

नेपालको संविधान २०७२ मा विद्यालय शिक्षाको कक्षा १२ सम्मको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ । त्यसैले, नगरपालिका र गाउँपालिकाहरुले सङ्घीय सरकारको विद्यालयमा आइतबार बिदा दिने निर्णयअनुसार बिदा नगरी विद्यालय सञ्चालन गरेका छन् । स्थानीय तहले सरोकारवालाहरूकै सहमतिमा आइतबार बिदा नगरेको बुझिएको छ । अभिभावक, विद्यार्थी, प्रधानाध्यापक, शिक्षक, शिक्षाविद्, समाजसेवी, शिक्षाप्रेमी, विद्यालय व्यवस्थापन समितिलगायतका सरोकारवालाहरूले आइतबारसमेत बिदा दिँदा विद्यालय सञ्चालन हुने दिन वार्षिक ४०-४५ दिन घट्न जाने हुँदा विद्यार्थीहरूको पठनपाठनको दिन घट्छ र पढाइ स्तर र उपलब्धि वृद्धि हुँदैन, घट्ने सम्भावना हुन्छ । त्यसैले, आइतबार बिदा नगरिकन विद्यालय सञ्चालन गर्नुपर्छ भन्ने राय सुझाव दिइएको थियो ।

सुरुमा पेट्रोलियम पदार्थको मूल्य वृद्धिलाई आइतबार बिदाको कारण बताउने सरकारले केही दिनपछि विद्यालयको शैक्षिक सत्र वैशाख १ गतेबाट सुरु गर्ने होइन, वैशाख १५ गतेबाट सुरु गर्ने र वैशाख २१ गतेदेखि मात्र पढाइ सञ्चालन गर्ने अर्को निर्णय सार्वजनिक गऱ्यो । धेरै स्थानीय तहले शैक्षिक क्यालेन्डर वैशाख महिनाअघि नै तयार गरिसकेको हुँदा वैशाख १ गतेदेखि नै शैक्षिक सत्र सुरु गरे ।

शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराममा समेत शैक्षिक सत्र २०८३ को अवधि २०८२ साल वैशाख १ गतेदेखि २०८३ साल वैशाख १४ गतेसम्म लेख्नुपर्ने सूचना जारी भयो । सबै शिक्षकहरूले त्यसै गरे । अब प्रश्न उठ्छ, सरकारले २०८२ सालको एसईई परीक्षाको परीक्षाफल चाँडै प्रकाशन गर्न परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरायो र परीक्षाफल पनि चाँडै प्रकाशित भयो तर शैक्षिक सत्र १ वर्ष १४ दिन किन बनायो ? त्यसैगरी अब शैक्षिक सत्र २०८३ चैत मसान्तसम्म भए २०८३ को शैक्षिक सत्र ११ महिना १६ दिनको मात्र हुने भएन र ? किन यस्तो गर्दै छ ? सचेत नागरिकहरूले प्रश्न गर्न थालेका छन् ।

सरकार नयाँ पार्टी र नयाँ मानिसले चलाएको हुँदा अनुभव नभएको भन्ने हो भने रास्वपाका अध्यक्ष पहिले नै २/२ पटक गृहमन्त्री बनेकै हुन् । अन्य सांसदहरू पनि अनुभवी नै छन् । त्यसैले


***बाँकी पृष्ठ ८ मा***



## वागीश्वरी माध्यमिक विद्यालय
## वागीश्वरी कलेज, वागीश्वरी कलेज अफ म्यानेजमेन्ट

च्याम्हासिंह, भक्तपुर ९, फोन नं: ६६१०२७०, ६६१४३९१

### मौजुदा सूची (Standing List) दर्ता गर्नेसम्बन्धी सूचना

**प्रकाशित मिति : २०८३/०४/०३ गते**

वागीश्वरी माध्यमिक विद्यालय, वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टका लागि आ.व. २०८३/०८४ मा आवश्यक पर्ने तपसिलका सामग्री तथा सेवाहरू आपूर्ति गर्न इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरूबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ प्रयोजनको लागि यस **वागीश्वरी माध्यमिक विद्यालय, वागीश्वरी कलेज** र **वागीश्वरी कलेज अफ म्यानेजमेन्ट**को लागि छुट्टाछुट्टै सूची दर्ता गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| | |
|---|---|
| १) स्टेसनरी, मसलन्द तथा कार्यालय सामानहरू आपूर्ति गर्ने । | २) फर्निचर तथा फर्निसिङ सामान आपूर्ति गर्ने । |
| ३) छपाइ तथा प्रिन्टसम्बन्धी कार्य गर्ने । | ४) विद्युतीय इलेक्ट्रिकल्स सामान आपूर्ति गर्ने । |
| ५) विज्ञापन सेवा दिने । | ६) पुस्तक आपूर्ति गर्ने । |
| ७) विज्ञान प्रयोगशाला (भौतिक, रसायन, जीव आदि) सामानहरू आपूर्ति गर्ने । | ८) इन्जिनियरिङ प्रयोशाला (सर्भे, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स) सामानहरू आपूर्ति गर्ने । |
| ९) इन्धन आपूर्ति गर्ने । | १०) सवारी साधन भाडामा दिने । |
| ११) इलेक्ट्रोनिक्स सामानहरू (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, फ्याक्स मेसिन, टेलिफोन, क्यामेरा, सीसीटीभी, तोनर आदि) आपूर्ति तथा मर्मत गर्ने । | १२) निर्माण तथा हार्डवेयर सामग्री (डन्डी, सिमेन्ट, रोडा, बालुवा, काठ, हार्डवेयर, पेन्टिङ, स्यानिटरी) तथा अन्य निर्माण सामग्री आपूर्ति गर्ने । |
| १३) सफ्टवेयर निर्माण तथा बिक्री गर्ने । | १४) इन्टरनेट सेवा दिने । |
| १५) सवारी साधन (गाडी, मोटरसाइकल), जेनेरेटर खरिद तथा मर्मत गर्ने । | १६) सरसफाइसम्बन्धी सामग्री आपूर्ति गर्ने । |
| १७) पोशाक तथा पोशाकसम्बन्धी अन्य सामग्री आपूर्ति गर्ने । | |

**आपूर्तिकर्ताले पेस गर्नुपर्ने कागजातहरू:**

१) फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि - १
२) स्थायी लेखा नम्बर (प्यान) र मू.अ.कर प्रमाणपत्रको प्रतिलिपि (मू.अ.करमा दर्ता हुन नपर्नेको हकमा सोको आधिकारिक कागजातको प्रतिलिपि - १
३) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि - १
४) प्रोपाइटरको नागरिकताको प्रतिलिपि - १
५) एकभन्दा बढी कार्यका लागि छुट्टाछुट्टै निवेदन जिन्सी शाखामा पेस गर्नुपर्नेछ ।
६) कालो सूचीमा नपरेको स्वघोषितपत्र - १

**सम्पर्क फोन नं.: ६६१४३९१, ६६१८३१९, ६६१०२७०, ६६२०२७०**



**भक्तपुरमा स्वदेशी तथा विदेशी पर्यटक**
विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुर दरबार क्षेत्रमा शनिबार अवलोकन गर्न पुगेका स्वदेशी तथा विदेशी पर्यटक । *तस्बिर: रत्न श्रेष्ठ/रासस*

# महिलाद्वारा भ्रष्टाचारविरोधी आन्दोलनको स्मरण

भक्तपुर, २ साउन । नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर नगर समितिको आयोजनामा भ्रष्टाचारविरोधी आन्दोलन (२०२५ साउन २ र २०२६ असार १९) को स्मरणमा नगरस्तरीय महिला भेला शुक्रबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको आतिथ्यमा भएको उक्त कार्यक्रममा गङ्गाराम ज्याख्व, रामेश्वरी कोजु र मञ्जु लाखाले भ्रष्टाचारविरोधी आन्दोलनबारे चर्चा गर्दै अहिलेको समयमा पनि भ्रष्टाचारविरोधी आन्दोलनलाई अझ अगाडि बढाउनु जरुरी रहेको छ भन्नुभयो ।

# बाराही बचतको आयोजनामा खुला रक्तदान कार्यक्रम




भक्तपुर, २ साउन । बाराही बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा सामाजिक उत्तरदायित्वअन्तर्गत आयोजित रक्तदान कार्यक्रम शनिबार सफलतापूर्वक सम्पन्न भयो ।

मानव जीवन बचाउने पवित्र उद्देश्यका साथ आयोजित उक्त कार्यक्रममा रक्तदाताहरूले स्वेच्छिक रूपमा रक्तदान गरी सामाजिक सेवाप्रति आफ्नो प्रतिबद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष बलराम प्रजापति र व्यवस्थापक शिवजी हाकुदुवालले रक्तदान जीवनदान भएकाले यस्ता मानवीय तथा सामाजिक उत्तरदायित्वको कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने बताउनुभयो ।

उहाँले सहकारी संस्था वित्तीय कारोबारमा मात्र सीमित नरही समाजप्रति उत्तरदायी संस्थाका रूपमा स्वास्थ्य, शिक्षा, वातावरण तथा सामाजिक सेवाका विविध कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गर्नुभयो ।

रक्तसञ्चार सेवाको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा सहभागी ४८ जना रक्तदाताका साथै सम्पूर्ण स्वयंसेवक, सहयोगी संस्थाका पदाधिकारी तथा कार्यक्रम सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सबैप्रति संस्थाले हार्दिक धन्यवाद व्यक्त गरिएको उक्त कार्यक्रम समाजमा रक्तको अभाव न्यूनीकरण गर्न तथा मानवीय सेवाको भावनालाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको थियो । कार्यक्रमले सहकारीको सामाजिक उत्तरदायित्वलाई थप सुदृढ बनाएको विश्वास गरिएको छ ।

# २१३ औँ भानुजयन्ती तथा १३३ औँ मायाकोभ्स्की दिवस मनाइयो

काठमाडौँ, २ साउन । नेपाल - रुस साहित्य समाज र रुसी सदन काठमाडौँको आयोजनामा आदिकवि भानुभक्त आचार्यको २१३ औँ तथा विख्यात रुसी सोभियत कवि भ्लादिमिर मायाकोभ्स्कीको १३३ औँ जयन्तीको अवसरमा शुक्रबार साहित्यिक साँझ सम्पन्न भयो ।

नेपाल-रुस साहित्य समाज ( नेरुसास) का उपाध्यक्ष ई. चन्द्रकान्त आचार्यको स्वागत भाषणसँगै सुरु भएको उक्त कार्यक्रमको सञ्चालन रुसी सांस्कृतिक केन्द्र पुस्तकालयकी भावना न्यौपानेले गर्नुभएको थियो ।

कार्यक्रममा रुसी सदनकी निर्देशक अनास्तासिया खोख्लोभाले साहित्यले नेपाल र रुसबिच मित्रता, सांस्कृतिक आदानप्रदान र पारस्परिक समझदारीको पुलको रूपमा काम गरेको र हामी दुई देशलाई आज यौटै व्यानरभित्र ल्याएको छ भनी उल्लेख गर्नुभयो ।

नेरुसासका महासचिव रामविन्दु श्रेष्ठले भानुभक्त र मायाकोभ्स्कीबारे छोटो प्रकाश पार्दै ती युगमा तिनका भूमिका र सान्दर्भिकताबारे विस्तार गर्नुभयो । उहाँले सन् १९१७ को बोल्सेभिक क्रान्तिपछि मायाकोभ्स्कीले नयाँ समाजवादी व्यवस्थालाई उत्साहपूर्वक समर्थन गर्दै आफ्ना सिर्जनाहरू क्रान्तिका आदर्शहरूको प्रचार-प्रसारमा समर्पित गरेको बारे बताउनुभयो ।

कार्यक्रमको पहिलो भानुभक्तीय खण्डमा कविहरू किरण दर्नाल, चैतन्य प्रकाश प्रधान, लक्ष्मी गौडेल, जेठा वैरागी, खेम कोइराला बन्धु, कृष्ण जस्ताघरे, चेवन बस्नेत, शीव आचार्य आदिले नेपाली कविता वाचन गर्नुभएको थियो ।

निर्देशक अनास्तासिया खौख्लोभाले रुसीमा र कवयित्री शकुन्तला जोशी र विष्णुबहादुर सिंहले नेपालीमा मायाकोभ्स्कीका कविताहरू वाचन गर्नुभएको थियो ।

दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्तले ३५ वर्ष अघिको कार्यक्रमलाई सम्झिँदै यो हलले मलाई कवि बनाएको हो भन्दै भानुभक्त र मायाकोभ्स्कीको बारेमा बोल्नुभयो ।

सभापतिको आसनबाट नेरुसासका अध्यक्ष ई. विष्णुबहादुर सिंहले भानुभक्तले भाषासाहित्यको माध्यमबाट नेपालको राष्ट्रिय पहिचानलाई सुदृढ बनाएका छन् भन्दै सबै सहभागीहरूलाई धन्यवाद दिनुभयो । उहाँले मायाकोभ्स्कीको “सुन्नु होस्! यदि आकाशमा ताराहरू बलिरहेका छन् भने यसको अर्थ कोही छ जसलाई यसको आवश्यकता छ” भन्ने कवितांश सुनाउनुभयो ।

भ्लादिमिर मायाकोभ्स्की रूसका महान् कवि, नाटककार, कलाकार तथा रुसी भविष्यवादी (फ्युचरिस्ट) आन्दोलनका प्रमुख अगुवा हुनुहुन्थ्यो । आफ्नो नवीन काव्यशैली, प्रभावशाली कविता वाचन तथा क्रान्तिकारी चेतनाका कारण उहाँ बीसौँ शताब्दीका रुसी साहित्यका प्रभावशाली व्यक्तित्वमध्ये एक मानिन्छन् । उहाँ भन्नुहुन्थ्यो, कला समाज सेवामा समर्पित हुनुपर्छ र नयाँ समाज निर्माणको साधन बन्नुपर्छ ।



# इन्धन र विद्युतीय चार्जिङ युनिटमा अतिरिक्त शुल्क उठाउन यातायात व्यवसायीको सुझाव

काठमाडौँ, २ साउन । यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले दुर्घटना राहत कोषलाई बलियो बनाउन पेट्रोलियम पदार्थमा प्रतिलिटर एक रुपैयाँ र विद्युत् चार्जिङ शुल्कमा प्रतियुनिट रु. एक रुपैयाँ अतिरिक्त शुल्क उठाउन सुझाव दिएको छ ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्साल र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमलाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै महासङ्घले संशोधनको प्रक्रियामा रहेको सवारी ऐनमा सवारी दुर्घटनाका पीडितको तत्काल उद्धार, उपचार र क्षतिपूर्तिका लागि ‘दुर्घटना राहत कोष’ स्थापनाका लागि अतिरिक्त शुल्क उठाउन सुझाव दिएको हो ।

महासङ्घका महासचिव डेकनाथ गौतमले देशभर सञ्चालनमा रहेका निजी तथा सार्वजनिक सवारीसाधनले प्रयोग गर्ने पेट्रोल र डिजेलमा प्रतिलिटर एक रुपैयाँ थप गर्ने, विद्युतीय सवारी साधनले खपत गर्ने प्रतियुनिट बिजुलीमा एक रुपैयाँ थप गर्ने सुझाव सरकारलाई दिइएको जानकारी दिनुभयो ।

यसबाहेक, बिमा कम्पनीले सङ्कलन गर्ने तेस्रो पक्ष बिमा प्रिमियमको एक प्रतिशत रकम कोषमा जम्मा गर्ने, सङ्घ, प्रदेश र स्थानीय सरकारले वार्षिक रूपमा एकमुष्ट रकम कोषमा जम्मा गर्ने प्रस्ताव पेस गरिएको उहाँले बताउनुभयो ।

महासचिव गौतमले दुर्घटनापछि घाइतेको तत्काल उद्धार र उपचारका लागि कतिपय अवस्थामा बीमा रकमले मात्र नपुग्ने भएकाले यस्तो अवस्थामा पीडितलाई तत्काल राहत दिन र उपचार खर्चको व्यवस्थापन गर्न उक्त कोषले सहयोग पुग्ने उल्लेख गर्नुभयो ।

कुनै दुर्घटनामा हकदार फेला नपरेका गम्भीर घाइतेको उपचार गराउनुपर्ने भएमा वा सवारीधनीले क्षतिपूर्ति दिन नसक्ने अवस्था भएमा सोही कोषबाट खर्च गरिनेछ । महासङ्घले आफूहरुले दिएको सुझावलाई हाल तयार भइरहेको सवारी ऐन, २०८३ को परिच्छेद १० मा समावेश गर्न आग्रहसमेत गरेको छ ।

# भारी वर्षाको जोखिम: उच्च सतर्कता अपनाउन आग्रह

काठमाडौँ, २ साउन । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आगामी दुई दिन देशका विभिन्न क्षेत्रमा अत्यधिक वर्षाको सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन सर्वसाधारण तथा सम्बन्धित निकायलाई आग्रह गरेको छ ।

जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान अनुसार आज र भोलि आइतबार कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराईका एक दुई स्थानमा अत्यधिक वर्षाको सम्भावना रहेको छ । त्यस्तै, देशका हिमाली तथा पहाडी भूभाग, कोसी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका अधिकांश स्थान तथा मधेस, बागमती र गण्डकी प्रदेशका तराईका एकदुई स्थानमा भारीदेखि अतिभारी वर्षा हुने सम्भावना रहेको जनाइएको छ ।

अत्यधिक वर्षाका कारण आकस्मिक बाढी, पहिरो, डुबान, गेग्रान बहाव र कटानको जोखिम बढ्ने भएकाले आवश्यक सतर्कता अपनाउन प्राधिकरणले सर्वसाधारणमा आग्रह गरेको छ । प्राधिकरणले अत्यावश्यक कामबाहेक रातिको समयमा यात्रा नगर्न तथा जोखिमयुक्त जिल्लामा रातिको सवारी आवागमन रोक्न सम्बन्धित निकायलाई अनुरोध गरेको छ ।

विशेषगरी पाँचथर, इलाम, झापा, सङ्खुवासभा, तेह्रथुम, भोजपुर, खोटाङ, धनकुटा, सिन्धुली, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, चितवन, गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्वत, बागलुङ, म्याग्दी र स्याङ्जा जिल्लामा रातिको समयमा सवारी सञ्चालनमा विशेष सावधानी अपनाउन भनिएको छ ।

प्राधिकरणका प्रवक्ता शान्ति महतले तीनवटै सुरक्षा निकाय, स्थानीय तह तथा स्वयंसेवकलाई विपद् प्रतिकार्यका लागि तयारी अवस्थामा रहन, जोखिमयुक्त राजमार्ग तथा सडकखण्डमा डोजर, एक्साभेटर, लोडरलगायत उपकरण तयारी अवस्थामा राख्न तथा पूर्वसूचनाका आधारमा जोखिममा रहेका बस्तीका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सरोकार भएका निकायलाई आग्रह गर्नुभयो ।

प्राधिकरणले नदी तथा खोलाको तटीय क्षेत्र, पहिरोको जोखिम भएका स्थान र खोला किनारका बस्तीका बासिन्दालाई विशेष सतर्क रहन अनुरोध गर्दै विपद्सम्बन्धी सूचना तथा आपत्कालीन सहयोगका लागि सम्बन्धित निकायका हटलाइन सेवाको उपयोग गर्न आग्रह गरेको छ । साथै जल तथा मौसम विज्ञान विभाग र प्राधिकरणबाट जारी हुने अद्यावधिक पूर्वानुमान तथा चेतावनी नियमित रूपमा पालना गर्न पनि अनुरोध गरिएको छ ।

सङ्क्षिप्त समाचार

# पछिल्लो २४ घण्टामा ५२१ सवारीचालक कारबाहीमा

काठमाडौँ, २ साउन । काठमाडौँ उपत्यकामा पछिल्लो २४ घण्टामा ५२१ जना सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयलका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशप्रसाद सुवेदीका अनुसार कारबाहीमा परेकाहरुमा मादकपदार्थ सेवन गरेका ३०, यान्त्रिक कारबाहीमा १२, सङ्केत बत्ती उल्लङ्घनकर्ता २६ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका ६६ जनालाई कारबाही गरिएको छ ।

यसैगरी, अवस्था ठीक नभएको सात, निषेधित क्षेत्रमा हर्न बजाउने ३२, सडक फुटपाथ पार्किङमा १९, एकतर्फीमा छ र अन्य सवारी नियम पालना नगरेका ३२३ जना रहेको जनाइएको छ ।

# उद्योग विभागद्वारा ५८ अर्ब बराबर वैदेशिक लगानीको प्रतिबद्धता स्वीकृत

काठमाडौँ, २ साउन । उद्योग विभागले आर्थिक वर्ष २०८२/८३ मा रु. ५८ अर्ब एक करोड ८५ लाख ३०५ बराबरको प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता स्वीकृत गरेको छ ।

विभागले गत साउनदेखि असार मसान्तसम्मको अवधिमा 'अटोमेटिक रुट' बाट रु. नौ अर्ब ५८ करोडका ८९७ वटा परियोजना र 'अप्रुभ्ट रुट' बाट भने रु. ४८ अर्ब ४१ करोड ६६ लाख तीन हजार २५ लागतको दुई सय १९ परियोजनाका लागि वैदेशिक लगानीको प्रतिबद्धता आएको जनाएको छ ।

विभागका अनुसार गत आवमा उत्पादनमूलक क्षेत्रमा ६३ परियोजनाका लागि रु. तीन अर्ब ९१ करोडको वैदेशिक लगानीको प्रतिबद्धता आएको थियो । त्यसैगरी ऊर्जामूलक क्षेत्रअन्तर्गत चार वटा परियोजनाका लागि रु. सात अर्ब १६ करोड बराबर वैदेशिक लगानीको प्रतिबद्धता आएको छ ।

त्यस्तै कृषिमूलक क्षेत्रका लागि १८ वटा परियोजनामा रु. २३ अर्ब १८ करोडको वैदेशिक लगानीको प्रतिबद्धता आएको छ । पर्यटन क्षेत्रका लागि दुई सय २७ परियोजनामा रु. १३ अर्ब ९९ करोड बराबर वैदेशिक लगानीको प्रतिबद्धता आएको विभागले जनाएको छ । त्यसैगरी सूचनाप्रविधिमूलक क्षेत्रमा सात सय २७ परियोजनाका लागि रु. दुई अर्ब ८३ करोड बराबर वैदेशिक लगानीको प्रतिबद्धता आएको छ ।

# धनुषा प्रहरीको अभियान : एक सातामा १२५ फरार प्रतिवादी पक्राउ

जनकपुरधाम, २ साउन । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवानाको सजाय सुनाइएपछि फरार रहेका प्रतिवादीलाई पक्राउ गर्ने अभियानअन्तर्गत धनुषा प्रहरीले पछिल्लो एक सातामा १२५ जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयले जिल्ला अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन विशेष अभियान सञ्चालन गरेको जनाएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेका अनुसार गत असार २५ देखि साउन १ गतेसम्मको अवधिमा कैद तथा जरिवानाको सजाय तोकिएपछि फरार रहेका १२५ जना प्रतिवादी पक्राउ परेका हुन् ।

उहाँका अनुसार असार २५ गते १०, असार २६ गते २६, असार २८ गते २२, असार २९ गते २८, असार ३० गते १४, असार ३१ गते १४ र साउन १ गते ११ जना फरार प्रतिवादी पक्राउ परेका हुन् । पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी फैसला कार्यान्वयनका लागि जिल्ला अदालतमा पेस गरिएको प्रवक्ता न्यौपानेले जानकारी दिनुभयो ।

धनुषा प्रहरीले अदालतको फैसला प्रभावकारी रूपमा कार्यान्वयन गर्न फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिने जनाएको छ ।

# ठगी गरेको आरोपमा एकै परिवारका तीन जना पक्राउ

जनकपुरधाम, २ साउन । दृष्टिबन्धकमा राखिएको जग्गा बैङ्कमा राखेर रु. चार करोड ठगी गरेको आरोपमा धनुषा प्रहरीले एकैपरिवारका तीन जनालाई पक्राउ गरेको छ ।

अनुचित लेनदेन (मिटरब्याज) तथा ठगीसम्बन्धी मुद्दामा फरार रहेका धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१६ कपिलेश्वर निवासी ५३ वर्षीय गोपाल साह, उहाँका श्रीमती ४८ वर्षीय रेखा साह र छोरा ३२ वर्षीय हरेराम साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रुपक खड्काले जानकारी दिनुभयो ।

प्रहरी उपरीक्षक खड्काका अनुसार गोपाललाई जनकपुरधामस्थित एक होटलबाट, रेखालाई धनुषाको नगराइन नगरपालिकाको जटहीस्थित सीमा नाकाबाट र छोरा हरेरामलाई काठमाडौँबाट पक्राउ गरिएको हो ।

जनकपुरधाम उपमहानगरपालिका-२ निवासी गोविन्द कुमार साहले व्यापार व्यवसाय गर्नका लागि गोपाल साहसँग जग्गा दृष्टिबन्धमा राखी कपाली तमसुक गरेर रु. ९९ लाख ऋण लिएका थिए । गोविन्द साहले दृष्टिबन्धकमा रजिष्ट्रेशन गरिदिएको जग्गापछि जग्गाधनीलाई थाहै नदिई गोपाल साहसहित तीनै जनाले बैङ्कमा धितो राखी रु. चार करोड ऋण लिएको पाइएको प्रहरी उपरीक्षक खड्काले बताउनुभयो ।




**श्रम शोषणविरुद्ध डाक्टरहरू सडकमा**
युवा तथा प्रशिक्षार्थी चिकित्सकहरूले श्रम शोषणको अन्त्य, उचित पारिश्रमिक तथा सम्मानजनक कार्य वातावरणको माग गर्दै काठमाडौँमा प्रदर्शन गरेका छन् ।
*तस्बिर: मजदुर दैनिक*

# मुक्ति घोषणा भएको चार वर्ष हरवाचरवा समुदाय पहिचानबाट वञ्चित

जनकपुरधाम, २ साउन । सरकारले हरवाचरवा मुक्ति घोषणा गरेको चार वर्ष बितिसक्दा पनि आफूहरूको वास्तविक पहिचान र सामाजिक सुरक्षाको विषय अझै अधुरो रहेको हरवाचरवा समुदायले गुनासो गरेका छन् ।

चौथो हरवाचरवा मुक्ति दिवसका अवसरमा शनिबार राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा समुदायले कानुनी रूपमा मुक्ति घोषणा भए पनि यस समुदाय अझै पहिचान, भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास तथा आर्थिक पुन:स्थापनाबाट वञ्चित रहेका बताएका हुन् । हरवाचरवाको वास्तविक पहिचान र प्रमाणीकरणबिना सरकारले ल्याएको नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने भन्दै मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलले सरकारसँग चारबुँदे माग गर्नुभयो ।

अध्यक्ष मण्डलले हरवाचरवा लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका, २०८० तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयन गर्नुपर्ने, तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र परिचयपत्र वितरणलाई तीव्रता दिनुपर्ने, मधेस प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसँग समन्वय गरी लगत सङ्कलन तत्काल सुरु गर्न र भूमिहीन हरवाचरवाको अव्यावहारिक विस्थापन रोक्दै भूमि वितरण र पुन:स्थापनाको प्रक्रिया कानुनी र प्रभावकारी रूपमा अघि बढाउन सरकारसँग माग गर्नुभयो ।

मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवाचरवा समुदायलाई पूर्ण रूपमा मुक्त गर्दै भूमिमाथिको अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुन:स्थापना तथा कृषि व्यवसायमा सम्मानजनक पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता जनाए पनि हरवाचरवाको वास्तविक लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण नहुँदा समस्या भएको भन्दै उहाँले माग सम्बोधन गर्न आग्रह गर्नुभयो ।

पत्रकार सम्मेलनमा मञ्चका महासचिव लागेन्द्र सदाले कृषि क्षेत्रमा पुस्तौँदेखि बाध्यकारी श्रम गर्दै आएका हरवाचरवाका अधिकांश परिवार ऋणको नाममा न्यून वा बिनाज्यालामा श्रम गर्न बाध्य हुने अवस्था अझै कायम रहेको बताउनुभयो । सन् २०१३ मा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) ले गरेको अध्ययनलाई उद्धृत गर्दै उहाँले नेपालमा हरवाचरवाको सङ्ख्या एक लाखभन्दा बढी रहेको उल्लेख गर्नुभयो ।

अधिकांश हरवाचरवा अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेका उल्लेख गर्दै द फ्रिडम फण्डका कानुनी सल्लाहकार बलराम भट्टराईले जग्गा र बसोबासको प्रमाणपत्र नहुँदा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र सरकारी सेवामा समान पहुँचसमेत प्राप्त गर्न नसकेका बताउनुभयो । असुरक्षित बसोबास, न्यून ज्याला, श्रम स्वतन्त्रताको अभाव, न्यायमा पहुँचको कमी तथा राजनीतिक प्रभावका कारण हुने शोषण हरवाचरवा समुदायको मुख्य समस्या रहेको उहाँको भनाइ छ ।

विसं २०७९ साउन २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले हरवाचरवा मुक्तिको घोषणा गर्नुभएको थियो । चार वर्षमा पनि हरवाचरवाको वास्तविक मुक्ति हुन नसकेको बताउँदै भट्टराईले घोषणा मात्र मुक्ति नभई प्रभावकारी कार्यान्वयनबाट मात्र हरवाचरवा समुदायले आफ्नो हकअधिकार पाउने भएकाले यसतर्फ सरकारले ठोस नीति अङ्गीकार गर्नुपर्नेमा जोड दिनुभयो ।

# मधेस विश्वविद्यालयमा तीन वटा शैक्षिक कार्यक्रम विस्तार

जनकपुरधाम, २ साउन । मधेस विश्वविद्यालयले चालु शैक्षिक सत्रदेखि थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गर्न लागेको छ । हाल स्नातकोत्तर तहमा जनप्रशासन (एमपिए), कानुन सङ्कायतर्फ स्नातक (बिएएलएलबी) र जनप्रशासन सङ्कायतर्फ स्नातकमा जनव्यवस्थापन (बिपिएम) कक्षा सञ्चालन गर्दै आएको पर्साको वीरगञ्जस्थित मधेस विश्व विद्यालयले चालु शैक्षिक सत्रमा थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गर्न लागेको हो ।

मधेस विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवका अनुसार विश्वविद्यालयले चालु शैक्षिक सत्र २०८३ देखि स्नातकोत्तर तहको मास्टर्स अफ बिजनेस एडमिनिस्ट्रसन (एमबिए) तथा स्नातक तहको ब्याचलर अफ ल (एलएलबी) र ब्याचलर अफ बिजनेस एडमिनिष्ट्रिसन (बिबिए) को पठनपाठन सुरु गर्न लागेको छ ।

"तीन वटै सङ्कायको पठनपाठनका लागि पाठ्यक्रम तयार भइसकेको छ", रजिष्ट्रार यादवले भन्नुभयो, "यही शैक्षिक सत्रदेखि कक्षा सञ्चालन गर्ने गरी तयारी भएको छ । छिट्टै यसबारे हामीले सूचना प्रकाशन गर्ने छौँ ।" विश्वविद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रमहरूमा विद्यार्थीको आकर्षण बढ्दै गएपछि थप शैक्षिक कार्यक्रम विस्तार गर्न लागिएको उहाँले बताउनुभयो ।

विसं २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले पहिलो एक वर्षमा दुई वटा सङ्कायको पठनपाठन सुरु गरेको थियो । विश्वविद्यालयले वीरगञ्जस्थित नेसनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ ।

अनुसन्धान र प्रशिक्षणको माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सकिने मान्यताअनुरुप मधेस विश्वविद्यालयलाई प्रदेशमा पहिलो मधेस अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्थापना गर्ने लक्ष्य रहेको विश्वविद्यालयका उपकुलपति प्रा डा. दीपकबहादुर शाक्यले बताउनुभयो ।

"हामीले सञ्चालन गरेको कक्षाहरूमा विद्यार्थीको आकर्षण देखेर उत्साहित भएका छौँ", उपकुलपति प्रा. डा. शाक्यले भन्नुभयो, "आगामी दिनमा मेडिकल, ल्याब टेक्निसियन, फिजियोथेरापीलगायत चिकित्सा र स्वास्थ्यसम्बन्धी कक्षा पनि सञ्चालन गर्ने लक्ष्य राखेका छौँ ।" तत्कालका लागि वीरगञ्जको नारायणी अस्पताल र पोखरियास्थित पोखरिया अस्पताललाई आधार बनाएर चिकित्साशास्त्रमा एमबिबिएस कक्षा सञ्चालन गर्ने योजना बनाएर प्राविधिक टोलीबाट सम्भाव्यता अध्ययन गरिने तयारी भएको उहाँको भनाइ छ ।

मधेस विश्वविद्यालयको उच्च शिक्षालाई अनुसन्धामूलक बनाउने दृष्टिले 'एमफिल पिएचडी'सँगै फार्मेसी र विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक शैक्षिक कार्यक्रम पनि सञ्चालन गर्ने लक्ष्य लिएको उपकुलपति प्रा. डा. शाक्यले जानकारी दिनुभयो ।

मधेस प्रदेशका ग्रामीण क्षेत्रका जनतालाई उच्च शिक्षामा सहज पहुँच विस्तार गर्दै शिक्षालाई श्रम, श्रमलाई सीपसँग र सीपलाई समृद्धिसँग जोड्ने उद्देश्यका साथ दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्रदेशमा पहिलो 'मधेस सीप स्कूल' स्थापना गर्ने योजना रहेको उहाँले बताउनुभयो ।

।सम्पादकीय।

# अव्यवहारिक र अदूरदर्शी निर्णयले जनतामा असन्तोष

सरकारको अव्यवहारिक र अदूरदर्शी निर्णयले जनतामा असन्तोष बढ्दै गएको छ । सरकारले लोकप्रियताको निम्ति अलोकप्रिय निर्णय गरेकोले जनतामा असन्तोष र आक्रोश बढ्दै गएको हो । सरकारले चालेको कदम प्रचारात्मक ढङ्गको छ । सरकारको निर्णय उत्पादनमूलक छैन् गरिबी हटाउने, स्वदेशमै युवाहरूलाई रोजगारी सिर्जना गर्ने खालको छैन । हरेक विषयका विज्ञ मानिने नेता र मन्त्रीहरूको कार्यशैली, गतिविधि देखेर जनता वाक्कदिक्क मात्र होइन जनताको आशा र विश्वासमा तुषारापात भएको छ । दम्भपूर्ण व्यवहार, कठोर नीति र बहुमतको अहङ्कारले पुरानो सरकारभन्दा यो सरकार झन् जनतामाझ उदाङ्गिएको विश्लेषण राजनीतिक विश्लेषकहरूले गरेका छन् ।

महँगी बढेको छ । बेरोजगारीको समस्या बढेको छ । युवाहरूको विदेश पलायन रोकिएको छैन । अव्यवहारिक जरिवाना, धम्की र पीडित जनताको आवाजलाई दमन गर्ने सरकारको नीतिले जनता आन्दोलित र आक्रोशित हुनु स्वाभाविक हो । समाज या जनतामाझ देखिएको समस्याको गहन छलफल गरी निकास खोज्नुभन्दा पनि एकाध व्यक्तिको निर्णय र आदेशले रास्वपाको सरकार जनतामाझ अलोकप्रिय हुँदै गएको हो । सत्तारुढ दलभित्रै असन्तोषको दूरी बढ्दै गएको हो । सरकारको यस्तै चालाले एकाएक प्रचारमा आएर 'लोकप्रिय' भएको रास्वपा एकाएक अलोकप्रिय बन्दै छ; जनतामाझ उदाङ्गिँदै छ । सडक आन्दोलनमा उत्रेका विभिन्न पक्षका प्रदर्शनकारीहरूले सरकारको मात्र विरोध होइन, प्रधानमन्त्री र गृहमन्त्रीको पनि राजीनामा माग्न थालेका छन् । पुरानो सरकारको भन्दा नयाँ सरकारले गरेको काम जनविरोधी भएको उनीहरूको बुझाइ छ ।

नागरिकहरू सडक आन्दोलनमा उत्रनुको कारण अव्यवहारिक र अदूरदर्शी नीति मानिएको छ । जनताको समस्या थाहा नभएका मन्त्री र सांसदहरूको घेरामा रहेको रास्वपाले निकास देला भनेर कसरी विश्वास गर्ने ? देश र जनताको जल्दोबल्दो समस्या समाधान गर्न पार्टी सभापति र प्रधानमन्त्री दुई नेताबिच लामो गन्थन गर्दैमा समस्या निदान हुने होइन । के पार्टी सभापति र प्रधानमन्त्री नै पार्टी र सरकार हो ? देशमा देखिएको निकास खोज्न गहिरिएर अध्ययन गर्न पार्टीभित्र व्यापक छलफल हुनुपर्छ । सरकारको अव्यवहारिक नीति र प्रतिपक्षको घोचपेचले सत्तासीन दलका नेताहरू धर्म सङ्कटमा परेका छन् ।

प्रम र पार्टी सभापतिको मनोमानी देखेर मन्त्री र सांसदहरू पनि आजित छन् । सरकार र पार्टी सञ्चालनमा व्यक्तिको हाबी भयो भने देशको राजनीति प्रजातान्त्रिक पद्धतिभन्दा रिड्कुशतातर्फ जाने सम्भावना छ । श्रमजीवीवर्गलाई ठाउँ नदिने प्रम र विभिन्न सहकारी काण्ड र अन्य विषयमा मुछेका सभापतिले देशलाई कतातिर लग्दै छन् भन्ने चिन्ता जनतामा छाउन थालेको छ । सरकारका मन्त्री र रास्वपाका जिम्मेवार सांसदहरूको ठाडो बोली, अहङ्कार, दुश्मनी प्रवृत्ति र सतही राजनीतिले जनतामाझ सरकार र सत्तारुढ दल बदनाम हुनु र जनताको विश्वास गुम्दै जानु स्वाभाविक हो । सरकारको कठोर नीति व्यवहारिक छैन भने त्यसको विरोध हुन्छ । अहिले राजधानीलगायत देशको विभिन्न स्थानका सडक तातिएको छ; विरोध प्रदर्शनसँगै प्रहरी दमन भइरहेको छ । सरकारको स्पष्ट दृष्टिकोण र सुरक्षा नहुँदा स-साना व्यवसायीहरू मर्कामा परेका छन् । व्यापार व्यवसाय चौपट हुँदा घाटामा गएका छन् र जीवन धान्न धौ धौ भएका छन् । व्यापार व्यवसाय नचलेको हुँदा बैङ्क र वित्तीय सहकारी संस्थामा किस्ता तिर्न सकेका छैनन् । व्यापार व्यवसाय नचल्ने तर महँगी बढेकोले जीवन कष्टकर बन्न पुगेको छ ।

हो, कानुनले न्याय दिनुपर्छ, त्रास होइन । सार्वजनिक पदमा बसेका व्यक्तिको काम धाक धम्की होइन जनताको काम गरेर विश्वास जित्ने हो । राज्यको शक्ति नागरिकलाई दबाउन होइन; नागरिकको हक अधिकार सुनिश्चित गर्न हो । देशमा उत्पादित दक्ष जनशक्ति बाहिर पठाउने होइन; नेपाल र नेपालीको लागि स्वदेशमै उपयोग गर्न सरकार लाग्नुपर्छ । विदेशमा बढीभन्दा बढी युवा पठाएर रेमिट्यान्स (विप्रेषण) बढाउने प्रतिस्पर्धा गर्ने होइन आफ्नै देशमा प्रयोग गरेर उत्पादन बढाउनेतर्फ लाग्नुपर्छ । सरकारले जनताको दुःख बुझ्ने हो; दुःखीलाई दमन गर्ने होइन । सरकारले आश्वासन होइन; काम गरेर देखाउने हो । यहाँ एकले अर्कोलाई गाली र आक्षेप होइन हरेकले आ-आफ्नो पदीय दायित्व पूरा गर्नुपर्छ । यसतर्फ सरकार र सत्तारुढ दल गम्भीर हुनुपर्छ; जिम्मेवारी बोधका साथ अघि बढ्नुपर्छ ।

# नेपालको संस्कृतिको रुख सदावहार रहोस् र आफ्नो 'कारागार' मा दृढ रहने सबै आत्माहरू स्वतन्त्रताको किनारमा पुगून्

एक महिनाअघि एक साहित्यिक स्रष्टा सम्मान कार्यक्रममा काठमाडौँ विश्वविद्यालयको कन्फ्युसियस इन्स्टिच्युटका प्रोफेसर झाङ होङवेईले मलाई 'जेलका चिट्ठीहरू' (लेटर्स फ्रम प्रिजन) को चिनियाँ संस्करण देखाउनुभयो । यो उहाँ र कन्फ्युसियस इन्स्टिच्युटका शिक्षक प्रणयले संयुक्त रूपमा अनुवाद गरेको बताउनुभयो । म छक्क परेँ, किनभने धेरै वर्षदेखि नेपालमा बसेको हुनाले मैले नेपाली लेखकका कृतिहरू चिनियाँ भाषामा अनुवाद गरिएको विरलै देखेको थिएँ । त्यसैले, मलाई तुरुन्तै ती कृतिहरू पढ्ने तीव्र इच्छा जाग्यो ।

म पुस्तकको शीर्षक 'जेलका चिट्ठीहरू' बाट गहिरो रूपमा आकर्षित भएँ, जसले मलाई शाङ राजवंशको अन्त्यमा झोउका राजा वेनको सम्झना गरायो । उनलाई राजा झोउले सबैभन्दा गहिरो जेलमा कैद गरे तर उनले गुनासो गरेनन् वा दयाको याचना गरेनन् । बरु, उनले जेलको सबैभन्दा अँध्यारो कुनामा सबैभन्दा उज्यालो प्रकाश चम्काइदिए । त्यसैगरी नेपोलियन, सुकरात, येशु ख्रीष्ट र गान्धीले जेलमा फरक-फरक तरिकाले समय बिताए । यसले देखाउँछ कि सानो जेलले भौतिक शरीरलाई सीमित गर्न सक्छ तर मानवताको भाग्यको बारेमा सोच्ने महान् मनलाई सीमित गर्न सक्दैन ।

रोहित पनि उस्तै थिए; जेलमा भए पनि उनको हृदयमा सम्पूर्ण राष्ट्रको भाग्य थियो । उहाँले भन्नुभयो, "साहित्य समाजको ऐना हो; समाजलाई बुझ्नको लागि पहिले त्यसको साहित्य बुझ्नुपर्छ ।" म यो भनाइसँग पूर्ण रूपमा सहमत छु । मेरो लागि नेपाल सुरुमा भूगोलका किताबहरूमा केवल एउटा नाम थियो, हिमालयको दक्षिणी भिरालोमा रहेको देश, बुद्धको जन्मस्थल तर 'जेलका चिट्ठीहरू' भन्ने यो पुस्तकमार्फत मैले साँच्चै यो देशको नाडी महसुस गर्न थालेँ । यसको सांस्कृतिक चिन्ता, यसको साहित्यिक आत्म-जागरूकता, यसको सङ्घर्ष र आधुनिकीकरणको सामना गर्ने दृढता । जेलमा रोहितले लेखेका यी लेखहरू जसलाई पारिवारिक पत्रहरू भनिन्छ, वास्तवमा नेपाली रीतिरिवाज र परम्पराहरूको विश्वकोश हो र नेपाली संस्कृतिको भाग्यको प्रतिबिम्ब हो ।

आफ्नो पत्रमा रोहितले नेपालको साहित्यको वर्तमान अवस्थाको बारेमा आफ्नो अन्योल र अपेक्षाहरू बारम्बार व्यक्त गरेँ । म अन्ततः बुझ्छु, कविता वाचन नेपालको हरेक साहित्यिक जमघटको एक अपरिहार्य भाग हो ।

नेपाल एउटा यस्तो देश हो जहाँ पहाड, नदी, झरना र जङ्गलहरू एकअर्कासँग मिसिएका छन् । "पहाडहरूले हरेक फुसफुसको जवाफ दिन्छन्, झरनाहरूले आफ्ना अनन्त गीतहरू गाउँछन् र चराहरू जङ्गलमा दिनरात गाउँछन्", यस्तो प्राकृतिक वातावरणले काव्यात्मक मानिसहरूलाई हुर्काउने नियत राख्छ । आफ्नो पत्रमा रोहितले नेपालको विविध प्राकृतिक परिदृश्य लामो समयदेखि यसका विभिन्न जातीय समूहहरूको आत्मामा कुँदिएको र उनीहरूको खुसी र दुःखको प्रतिबिम्बको रूपमा उनीहरूको गीतमा बगिरहेको कुरालाई गहिरो रूपमा औँल्याए । विशेषगरी, मिटिलियनहरू 'गीतबाट जन्मेका र गीतमै मर्ने मानिसहरू हुन् । यसले मलाई चिनियाँ गीतहरूको पुस्तकमा रहेको परम्पराको सम्झना गराउँछ, "भोकाहरूले आफ्नो खानाको गीत गाउँछन्, मजदुरहरूले आफ्नो कामको गीत गाउँछन् ।" पहाड र नदीले कवितालाई पोषण दिन्छन् र कठिनाइले गीतहरूलाई पोषण दिन्छन् । कविता लामो समयदेखि नेपाली जनताको रगतमा बसेको छ, उनीहरूका लागि आफ्नो खुसी र दुःख व्यक्त गर्ने र विश्वका घटनाहरू रेकर्ड गर्ने सबैभन्दा वास्तविक माध्यम बनेको छ । कविताले जनतामा गहिरो जरा गाडेको छ, त्यसैले नेपाली साहित्यले यसलाई धेरै महत्त्व दिन्छ ।

म सोधिरहन्थेँ, "नेपालले आजसम्म किन विश्वस्तरीय लेखक वा कविहरू उत्पादन गर्न सकेको छैन ?" भारतका ट्यागोर, आयरल्यान्डका यीट्स र डेनमार्कका एन्डरसनजस्तै साना भूभाग भएका ती देशहरू जसले साहित्यिक दिग्गजहरूलाई हुर्काएका छन् । यस प्रश्नको पछाडि हामी सबैले विचार गर्नुपर्ने एउटा प्रश्न छ: विश्व साहित्यको नक्सामा हामीले आफ्नो स्थान कसरी पाउने ?

रोहितले स्पष्ट रूपमा भनेझैँ, "हामीसँग मेहनती किसान, कामदार र सिपाहीहरूको कमी छैन; लाखौँ नेपाली शारीरिक श्रम गरेर जीविकोपार्जन गर्न विदेश गएका छन् तर 'मानसिक कामदार' धेरै कम छन् ।" उनले अफसोसका साथ लेखे: "दुई हजार पाँच सय वर्षपहिले सिद्धार्थपछि यस भूमिमा कुनै पनि महान् दार्शनिकको जन्म भएको थिएन ।" विदेशीहरूको अगाडि हामीलाई गौरवान्वित पार्ने कवि देवकोटाको निधन भएको छ; 'नेपालका शेक्सपियर' भनेर सम्मानित बालकृष्ण सम पनि बितेका छन् । हामीसँग एडम स्मिथ, आइन्स्टाइन, डार्बिन र मार्क्सजस्ता बौद्धिक दिग्गजहरूको अभाव छ ।

यो पढेर म अत्यन्तै भावुक भएँ । बौद्धिक दिग्गजहरूको अनुपस्थितिमा यो विलाप धेरै विकासशील देशहरूका बुद्धिजीवीहरूमाझ एउटा सामान्य भावना हो । हामी सबैलाई थाहा छ कि साहित्य र संस्कृतिको विकासको लागि दीर्घकालीन सञ्चय, पालनपोषण र पुस्ताका बुद्धिजीवीहरूको प्रयास आवश्यक पर्दछ । जेलमा हुँदा पनि अध्यक्ष रोहितलाई के कुरा राम्ररी थाहा थियो भने साहित्यको उचाइले राष्ट्रको भावनाको उचाइ निर्धारण गर्छ । उनले भनेझैँ, "राष्ट्र र यसका जनतालाई ध्यानमा राखेर सोच्ने व्यक्ति, नाफा कमाउने अवसरवादी होइन ।"

उनले दोस्तोएभ्स्कीको *अपराध र सजाय* Dostoevsky's *Crime and Punishment* लाई नेपालीमा अनुवाद गर्ने प्रयास पनि गरे - यो विवरणले गहिरो रूपमा मन छुने छ । एक कैदीको विश्व साहित्यको क्लासिकलाई आफ्नो मातृभाषामा अनुवादमार्फत परिचय गराउने इच्छा - 'नेपाली भाषा र साहित्यको क्षेत्रमा आफ्नो विनम्र प्रयासलाई योगदान पुऱ्याउने' यो इच्छा - लेखकको सबैभन्दा सरल तर उत्कृष्ट आत्म-जागरूकतालाई प्रतिनिधित्व गर्दछ । एक कैदीको विश्व



गु झिकाओ

साहित्यिक क्लासिक्सलाई आफ्नो मातृभाषामा अनुवाद गर्ने इच्छा - यो 'नेपाली भाषा र साहित्यको क्षेत्रमा आफ्नो विनम्र प्रयासलाई योगदान' गर्ने इच्छा - एक लेखकको सबैभन्दा सरल तर महान् आत्म-जागरूकता हो ।

यस पुस्तकको बारेमा मलाई सबैभन्दा बढी प्रभावित पार्ने कुरा भनेको अध्यक्ष रोहितको जेल कोठरीमा भएको मानसिक अवस्था थियो । "जेलमा पनि उनी स्वतन्त्रताको लागि, आफ्नो आत्माको उडानको लागि तिर्खाएका थिए ।" उनले आफ्नो कोठरीलाई विचारको उजाडस्थानमा परिणत गरे, आफ्नो परिवारको लागि आफ्नो चाहनालाई आफ्नो राष्ट्रको भाग्यको लागि चिन्तामा परिणत गरे ।

उनले आफ्नो विश्वविद्यालयका दिनहरूमा शेली, बायरन, किट्स र वर्ड्स्वर्थका रोमान्टिक कविताहरू पढेको सम्झे र चेखभको 'द बेट' र आफ्नो मृत्युअघि चर्चमा बाल्जाकको आफ्नो प्रेमीसँगको विवाहको बारेमा सोचे ।

रोमान्टिकवादको बारेमा छलफल गर्ने, अरूले 'रिक्त' मान्न सक्ने कुराहरूमा छलफल गर्ने कैदीको कार्य नै स्वाभाविक रूपमा तनावपूर्ण छ तर अध्यक्ष रोहितको रोमान्टिकवाद पलायनवाद होइन, देखावटी होइन तर कठिनाइको बिचमा आध्यात्मिक आदर्शहरूको दृढ पालना हो । यो साहित्यले उनलाई दिएको एक शक्तिशाली आध्यात्मिक शक्ति पनि हो । उनले आफ्नो युवावस्थामा विश्व गुरुहरूका धेरै कृतिहरू पढेकाले, उनको मन धेरै धनी छ र उनको आत्मा धेरै बलियो छ, जीवनमा धेरै कठिनाइहरू सहन पर्याप्त छ । त्यसकारण, निन्दा, मानहानि र विश्वासघातको सामना गर्नुपर्दा पनि उनले दृढतापूर्वक आफ्नो विश्वासलाई कायम राखे, उनी कहिल्यै हार मानेनन् र आफ्नो दयालु हृदयको रक्षा गरे । निस्सन्देह, रोहित नेपाली राष्ट्रको प्रगतिमा एक दुर्लभ 'प्रकाशस्तम्भ' हुन् ।

मलाई अझ गहिरो रूपमा सोचन बाध्य पार्ने कुरा भनेको निःस्वार्थताको शक्तिमा उनको विश्वास हो । जेलमा, उनले सामाजिक परिवर्तनका सम्भावनाहरू विचार गर्दै मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओ त्सेतुङका कृतिहरू पढे । "यदि कुनै व्यक्तिमा साहस, रचनात्मकता र दृढ सङ्कल्पको कमी छ, अन्वेषण गर्ने, प्रयास गर्ने र प्रयास गर्ने ऊर्जाको कमी छ, मित्रता र परिवर्तन बुझ्दैन र सिक्न इच्छुक छैन भन्ने, भनाइअनुसार, 'साहित्य, कला वा सङ्गीतबिना कोही पनि मानिस जनावरभन्दा फरक हुँदैन ।" यी शब्दहरूले मलाई विस्मयले भरिदिए ।

रोहितले आफ्नो पुस्तकमा, उनी लेख्छन्: "नेपाली भाषामा एउटा शब्द छ, 'सिंहावलोकन' (जसको अर्थ 'सिंहले पछाडि फर्केर हेर्छ'), जसरी सिंह हिँड्दा प्रायः पछाडि फर्केर हेर्छ - 'पछाडि फर्केर हेर्नु' भनेको विगतलाई ध्यानपूर्वक जाँच गर्नु हो । अर्को शब्दमा, म आफ्नै हृदयलाई प्रश्न गरिरहेको छु ।"

अध्यक्ष रोहितले आफ्नो जेल कोठरीमा जे हासिल गरे त्यो ठ्याक्कै यस्तै प्रकारको प्रतिबिम्ब थियो : उनको आफ्नै विकासको प्रतिबिम्ब, नेपालको संस्कृतिको प्रतिबिम्ब र मानव सभ्यताको आध्यात्मिक वंशको प्रतिबिम्ब । उनले कावाबाटा यासुनारीको 'स्नो कन्ट्री' र हेमिङ्वेको 'द ओल्ड म्यान एन्ड द सी' पढे । यी पठनहरू फुर्सदको लागि थिएनन् बरु मानव सभ्यतासँग कुराकानी गर्ने माध्यमको खोजीमा एक्लो आत्मा थिए ।

यो पढेर म गहिरो भावुक भएँ । २० औँ शताब्दीको जेलमा थुनिएका एक नेपाली कैदीले पश्चिमी सिया र लोलान राजवंशहरूको लोपको बारेमा छलफल गर्छन्, भौतिक सम्पदाभन्दा बढी आधारभूत प्रश्न - आत्माको प्रसारणमा विचार गर्छन् । वास्तवमा, साहित्य र संस्कृति, त्यो आत्माबिना, तिनीहरूको अर्थ र अस्तित्वको कारण के हो ?

त्यसकारण, जबसम्म मानवतालाई संस्कृतिको पोषण र आत्माको प्रश्नको आवश्यकता पर्दछ, तबसम्म यी 'अव्यावहारिक' देखिने आदर्शहरूमा सबैभन्दा व्यावहारिक शक्ति हुन्छ । रोहितको जेल कोठरी उनको झ्याल थियो जसबाट उनले सम्पूर्ण नेपाली समाजलाई हेर्थे र उनका शब्दहरू प्रकाशका किरण हुन् जसबाट हामी पाठकहरूले त्यो संसारको झलक हेर्न सक्छौँ ।

नेपालको संस्कृतिको रुख सदावहार रहोस् र आफ्नो 'कारागार' मा दृढ रहने सबै आत्माहरू स्वतन्त्रताको किनारमा पुगून् ।

***(यो मन्तव्य बाल विकास इङलिस सेकेन्डरी स्कूलद्वारा शुक्रबार आयोजित चिनियाँ भाषामा अनुदित 'जेलका चिट्ठीहरू' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा चिनियाँ प्राध्यापक गु झिकाओले व्यक्त गर्नुभएको हो-सं)***

# कैयौँ प्रहारले गाल्न नसकेको वन्दनीय चट्टानी नारी ! -२

✍ राजामान बिजुक्छेँ



### आमापछिको असल र संस्कारी घरमुली बुहारी शोभा प्रधान

हामी सगोलमा छँदा लस्करै बसेर खाना खाने गर्थ्यौं । म अलिकति फूडी (म्हुतु सामा) स्वभावको भएकोले खानाको थालमा अन्डा, माछामासु र ट्वाक्क परेको अचार नहुँदासम्म भातको गाँस निल्न सार्‍है मुश्किल हुन्थ्यो । औँलाहरू थालमा नाचिरहन्थे तर गाँस टिपेर मुखमा हाली निल्न नसक्नेसम्मको अवस्था सृजना हुने गर्थ्यो । मेरो अवस्था देखेर दाइले मेरो लागि एउटा अन्डा बनाइदिन भन्नु हुन्थ्यो; एकैछिनमा शोभा भाउजूले मेरो थाल अन्डाले सजाइदिनु हुन्थ्यो । लाज मानेर भए पनि म दङ्ग हुन्थेँ तर अरू दाजु-भाइको थालमा अन्डा नहुनु मेरोमा मात्र हुनुले स्वाभाविक रूपले मलाई सङ्कोच लाग्थ्यो; अप्ठेरो हुन्थ्यो । तर, फेरि त्यति नहुँदो हो त मेरो थालमा केही खाना बाँकी हुन्थ्यो । हाम्री आमा कसैले पनि अन्न फालेको सार्‍है मन पराउनु हुन्न । उहाँ भन्नुहुन्थ्यो, "बाबू जा वाय् मत्यो, अन्नं सरा बिस । वा छ्ग सयकेता खुला बी" अर्थात्- "खाना फाल्न हुँदैन, बाबू ! अन्नले सराप्छ; एक गेडा धान फलाउन ६ महिना लाग्छ ।"

।२।

कहिलेकाहीं मैले खान नसकेर थालमा बाँकी राखेको खानाले आमाको मन नदुखोस् र मैले आमाको गाली खान नपरोस् भन्ने हेतुले बिना कुनै सङ्कोच थालमा छोडेको खानासमेत खानुभई भान्साको वातावरण शान्त पार्न शोभा भाउजूले सौम्य भूमिका निर्वाह गर्नुहुन्थ्यो । यस्तो देखेपछि "आय् शोभा, वाय्गु जा वाताहे नकेब्यू । छं यङ थ्वाय्गु बानीचा स्येनितिनी क:" अर्थात् "ए शोभा, उसले छोडेको भात उसलाई नै खान देऊ, तिमीले गर्दा यसको बानी बिग्रिने भयो" भनी आमाले मलाई सङ्केत गर्दै दु:खमानी भाउजूलाई भन्नुहुथ्यो । शोभा भाउजू भने आमाका ती वाक्यहरू नसुने झैँ गरी निहुरिँदै भातको गाँस निल्दै हाँसेर टारिदिनुहुन्थ्यो । भान्सामा मेरो खराब बानीले गर्दा घरेलु वातावरण सौहार्द नहुने र आफू स्वयम्लाई पनि अप्ठेरो हुने भएकोले अब उपरान्त आमाको चित्त नदुखाउने र भाउजूलाई दु:ख नदिने दृढ सङ्कल्प गर्दै पहिल्यै सफासँग भोजन गर्ने कठोर वाचा गरेँ । मेरो यस आनीबानीमा सय प्रतिशत प्रगति भएको सकारात्मक परिणाम हालसम्म पनि कायम नै छ । मेरा अन्य दाजुभाइलाई यस मामिलामा अबका दिनहरूमा पनि मसँग प्रतिस्पर्धा गर्न सहज हुने छैन सायद !

त्यतिबेला शोभा प्रधानलाई भाउजू भनी सम्बोधन गर्न पाएको एक दुई वर्षमात्र भएको थियो । उहाँलाई भित्रबाट छाम्दा महसुस हुने गरी काखीमा ठुलो आकारको पिलोजस्तो खटिराले सताइरहेको थियो । अस्पताल गई चिकित्सकसँग सल्लाह लिनु अनिवार्य थियो । अस्पताल जाने दिन निधो भयो तर उहाँले सहयोगको लागि आफूसँग अस्पतालमा आइदिन दाजुलाई आग्रह गर्नुभएन । आफ्नो श्रीमान्को हरेक दिनको समय पार्टीको कार्य र जनताको सेवाको लागि अत्यन्त महत्त्वपूर्ण छ भन्ने वास्तविकताबारे शोभा भाउजूलाई राम्रो बोध थियो । त्यसैले, सहयोगको लागि भक्तपुर अस्पतालमा उहाँसँग म गएँ । पिलोको अवस्था बुझेर सानो शल्यक्रिया गर्न हतार भएको जानकारी अस्पतालले दियो र लगत्तै चिरफार सुरु गरियो । त्यो पिलोबाट त्यति धेरै बाक्लो पीप निस्केको अहिलेसम्म मैले देखेको छैन । म त डरले आत्तिएँ; तर भाउजूले बिना कुनै Painkiller गरेको उक्त शल्यक्रियाको प्रलय पीडा सहेरै बस्नु भो ।

विकसित देशहरूको हकमा भने श्रीमती गर्भवतीपछि प्रसव पीडा हुँदा बखतमात्र होइन कुनै पनि प्रकारको स्वास्थ्य समस्याले पिरोलिँदा श्रीमान् उनको सामिप्यमा हुनु अनिवार्य छ । यसका धेरै सकारात्मक मनोवैज्ञानिक कारणहरू छन् भन्ने वास्तविकता चिकित्सा विज्ञानले प्रमाणित गरिसकेको धेरैलाई थाहा भएकै कुरो हो । साथै किनमेल (Shopping) का लागि बजार जाँदा हरेक नारीले आफ्नो श्रीमान्को साथ-सङ्गत औधी मन पराउँछन् । नढाँती भन्दा, मेरो हकमा देशबाहिर या भित्र आफ्नो हैसियतअनुसार प्रत्येक सानोखाले किनमेलमा म धैर्यताका साथ मेरी इन्दिराको छेउछाउमै उभिएको हुन्थेँ । किनमेलको सिलसिलामा Shopping Mall भित्र श्रीमान्को एकछिनको समयले उसको जीवनसङ्गिनी हर्षित हुन्छिन् भने त्यो दाम्पत्य जीवनको सुन्दर पक्ष हो भनेर बुझ्नुपर्छ । पुरुषप्रधान समाजको मानसिकता च्यापेर श्रीमतीलाई नोकर्नीको दर्जामा स्वीकार गर्नु भनेको 'दहेज' वा दाइजोको नाउँमा छिमेकी मुलुक भारतमा विवाहित महिलाहरूमाथि गरिने असह्य यातना र घोर अत्याचार गर्नु जत्तिकै निन्दनीय र घृणित छ । मानवताको सीमा नाघेर तुच्छ व्यवहारमार्फत स्वास्नीलाई तह लगाएको छु भनी चौडा छाती गर्नु कुनै पुरुषार्थ होइन त्यो त कायरता हो ।

सामाजिक समस्यासँगै घरायसी समस्या समाधानमा पनि पुरुष र महिलाको भूमिका समान हुनुपर्छ भन्ने यथार्थ सबै लोग्नेमान्छेले बुझ्नु आवश्यकै छ अन्यथा महिला दिवसको अवसरमा मात्र नारी स्वतन्त्रता, नारी हकहित, नारी अधिकार र नारी समानताको वकालत गर्नु नारीप्रतिकै अपमान हो; बेइमानी हो; निर्दोष जनतामाथिको छलकपट हो । सायद यसै दुष्ट र अनैतिक चरित्रका निच व्यक्तिहरूका कारण आजित भएका धेरै भुक्तभोगी महिलाहरू भन्ने गर्दछन्, कुनै पनि चलचित्रका लेखक-कलाकारहरूले ३ घण्टासम्म दर्शकलाई मूर्ख बनाउँछन् भने मुलुकको राजकाज कब्जा गर्ने मनसाय भएका निर्लज्ज र बेवकुफ राजनीतिक नेताहरूले जनतालाई जिन्दगीभर मूर्ख बनाउँछन् ।

।३।

### बज्रपात झेलेका अनभिज्ञ भद्र सासू र सहनशील निडर बुहारी

२०४५ सालको 'भक्तपुर काण्ड' को बखत नेमकिपाको काम र गतिविधिहरूप्रति सकारात्मक धारणा विकास गरेका सज्जन व्यक्तिहरूलाई समेत गिरफ्तार गरी १३ (क) अर्थात् फाँसीको माग गरिएको थियो । शोभा भाउजू त्यतिञ्जेल नेमकिपाको कुनै पनि वर्गीय कमिटीहरूसँग आबद्ध हुनुभएको थिएन । उहाँ साँझ-बिहान एउटी गृहिणी र दिउँसो एउटी शिक्षिकाको भूमिकामा हुनुहुन्थ्यो । 'दिएको खाने अऱ्हाएको गर्ने' बानी परेका स्थानीय प्रहरी प्रशासनलाई यसको कुनै हेक्का नै थिएन । नेपाल प्रहरीको केन्द्रीय कार्यालय (Nepal police Club) को हिरासतमा यातना भोगिरहेका आफ्ना श्रीमान्को बारे सोधपुछको बहानामा, चार पाँच जना पुरुषहरू हुने घरमा एकजना मात्र पनि नहुँदाको समयमा डकैती शैलीमा बिना कुनै सूचना लाठी र बन्दुक भिरेका Intimidating स्वभावले ग्रस्त प्रहरी जत्था घरभित्र पस्थे; लाठी बजार्दै नानाभाँतीका प्रश्न गर्थे । तिनीहरूले जबरजस्ती दराज फोरेर अध्ययनका लागि धेरै वर्ष खर्चेर सङ्कलित सबै महत्त्वपूर्ण पुस्तकहरू जफत गरे । यो २०४५ सालको भक्तपुर काण्डको सत्य कथा हो ।

तर, 'गोहीको आँसु'सँगै प्रहरीका उच्च ओहदाका अधिकारीहरूबाट व्यक्त हुने गुलियो पोतेका, सुन्दा मीठो लाग्ने भाष्य वाक्छल मात्र हो भन्ने यथार्थ भाउजूलाई थाहा थियो । थुप्रै लोभलालच देखाएर पनि केही सीप नलागेपश्चात् 'ह्योजु'को हत्यामा आफ्नो श्रीमान्को भूमिका रहेको हो भनी सानो कागजमा हस्ताक्षर गरी स्वीकार्न भाउजूलाई धेरै तनाव र मानसिक यातना दिन थाले अन्यथा परिणाम अप्रिय हुने धम्की दिन्थे । तर, आफ्नो निर्दोष श्रीमान्विरुद्धको लाञ्छना र आरोप सरासर असत्य, अप्रमाणित, झूट र जालझेलभित्रको प्रतिशोध मात्र हो भनी बुझेकाले राजनीतिकरूपले परिपक्व नभइसकेको अवस्थामा पनि शोभा प्रधान चट्टानजस्तै अविचलित उभिनुभयो । उहाँले आफ्नो देशभक्त स्वाभिमानी श्रीमान्विरुद्ध लगाइएका मिथ्या आरोपहरूको प्रतिवाद गरिरहनुभयो । भाउजूलाई धेरै चुनौतीहरूसँग एकैसाथ लुकामारी खेल्दै एक-एक गरी सबैलाई पछार्नु थियो ।

गर्भमा विकसित हुँदै गरेको शिशुको लागि पथ-परहेजको अनुशासनमा बस्ने कि; काखमा हुर्कँदै गरेको बालकलाई स्याहार्ने कि; श्रीमान्उपर लगाइएको राजनीतिक प्रतिशोधको आधारहीन लाञ्छनाको सामना गर्ने कि; काम विशेषले बाहिर निस्कँदा नेमकिपाप्रति भिन्न मत राख्ने केही क्षुद्र पथचारीहरूबाट गरिने अपमानसँग जुझ्ने कि; दुराशयले भरिएको मन भएका अधम छर-छिमेकी र केही घटिया आफन्तहरूको असह्य व्यवहारलाई चुपचाप सहने कि; चुत्थो प्रहरी प्रशासनले दिने मानसिक तनाव र यातनालाई कसरी बढार्ने भन्नेबारे सोच्ने कि; मुलुक र नेपाली भुइँमान्छेहरूको सेवामा लागेका आफ्ना ज्येष्ठ पुत्रमाथि के 'अनिष्ट' आइलागेको भन्दै बिलौनाले छट्पटिएकी सासूमालाई सम्हाल्ने । यस्ता अनेक जटिलताहरूलाई एक्लोज्यानले यो गर्ने कि त्यो गर्ने भइरहन्थ्यो शोभा भाउजूलाई । बज्रपात पर्नु भनेको यही हो सायद ! आफूमाथि आकाश खस्नु भनेको पनि यही हो सायद ! न खाएको विष लाग्नु भनेको पनि यही नै हो सायद ! यसरी शोभा भाउजूमाथि एकै खेपमा सबैखाले निर्दयी प्रकोपहरूले मानवता बिर्सेर कुल्चिन खोजे । यी यावत् अप्रिय घटनाहरूबाट एकदमै अनभिज्ञ अबोध छोरो छातीमा च्यापी आफू एक्लो हुँदा विगत सम्झेर भाउजूका पनि आँखाहरू नभिजेका कहाँ होलान् र ? प्रहरी प्रशासनको कडा निगरानीका कारण साथीभाइ र दिदीबहिनीसँगको फाटफुटको भेटमा आफ्नाहरूलाई पनि धेरै पीडा नहोस् भन्ने अभिप्रायले आफ्नो अनुहारमा पहिलेजस्तै उज्यालोपन कायम राख्न आत्मबलका धनी सहनशील शोभा भाउजूले भरपूर प्रयास गर्नुहुन्थ्यो । यही सन्दर्भमा अहिले नेपालको साङ्गीतिक बजारमा चर्चित गायक दीप श्रेष्ठको गीत सम्झिन मन लाग्छ -

*झिरमा उनिनु त्यो एउटा कुरा*
*पिरमा उनिनु त्यो एउटा कुरा*
*नभिज्ने आँखा कसको छ र ?*
*तर झर्नु नझर्नु त्यो अर्को कुरा !*

बाक्लो हरियो मनोरम अग्लो जङ्गलको बिच भएर बग्ने खोलाले तल झरेपछि मात्र अद्भूत लामो झरना भनेर सबैतिरबाट प्रशंसा प्राप्त गर्छ । मुग्लिङ-नारायणघाट सडकतिर चण्डी भञ्ज्याङमा अवस्थित धेरै अग्लाइबाट तलसम्म खस्न मन पराउने अति सुन्दर जलविरे झरनालाई मात्र थाहा होला-भुइँको चट्टानसँग बज्रिनुको पीडा ! चाहे यसलाई जलविरे भनून् या लामो झरना; पीडा उही हो जसलाई शोभा भाउजूसँग तुलना गर्न मन लाग्छ ।

# जेलका चिट्ठीहरू पुस्तक धेरैभन्दा धेरै पाठकहरूको मनसम्म पुग्न सफल होस्

आज म अनुवादकको रूपमा यहाँ उभिएर जेलका चिट्ठीहरू पुस्तकको चिनियाँ संस्करण औपचारिक रूपमा तपाईंहरूमाझ सार्वजनिक भएको यस खुसीको क्षणको साक्षी बन्न पाएकोमा अत्यन्त हर्षित छु । सर्वप्रथम, यस पुस्तकका लेखक अध्यक्ष रोहितज्यू तथा यस पुस्तकको अनुवाद र प्रकाशनलाई सम्भव बनाउन धेरै मेहनत गर्नुहुने सुरेन्द्रराज गोसाईप्रति मेरो हार्दिक सम्मान र धन्यवाद व्यक्त गर्न चाहन्छु । मेरा सहअनुवादक प्रणय चित्रकारप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस कृतिलाई अझ राम्रो बनाउन बहुमूल्य सुझाव दिनुहुने सम्पूर्ण मित्रहरू, चिनियाँ शिक्षकहरू वाङ लियान, च्राओ चवन, फाङ होङ्यु ,याओ यीफान तथा नेपाली शिक्षकहरू विनय, नवीन र तालोङप्रति पनि म हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

गत वर्षको जनवरीमा बाग्मती प्रदेशका प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाई अङ्ग्रेजी संस्करण Letters from Jail लिएर काठमाडौँ विश्वविद्यालयको कन्फ्युसियस इन्स्टिच्युटको कार्यालयमा आउनुभयो र मलाई यस पुस्तकको चिनियाँ अनुवाद गर्ने जिम्मेवारी लिन आग्रह गर्नुभयो । मैले त्यो जिम्मेवारी स्वीकार गरेको क्षणदेखि नै आफ्नो काँधमा ठुलो जिम्मेवारी आएको महसुस गरेको थिएँ । मेरो लागि यो अनुवाद भाषाको परिवर्तन मात्र थिएन; यो त एक प्रकारको लामो, शान्त तर निरन्तर मन छुने आत्मिक संवाद थियो । जब मैले पहिलोपटक जेलका चार पर्खालभित्र लेखिएका यी पत्रहरूमा एक-एक शब्द पढ्न थालेँ । मैले सबैभन्दा पहिले जेल-जीवनको अँध्यारो र कठिनाइ होइन, बरु कागजका प्रत्येक पानाबाट देखिने जीवनको बलियो ऊर्जा महसुस गरेँ । यी पत्रहरूले रोहितज्यूले जेलभित्र न्याय, लोकतन्त्र र समाजका लागि गरेको सङ्घर्ष, उहाँका विचार, दृढ सङ्कल्प र आत्मविश्वासलाई देखाउँछन् । तर, पुस्तकभरि कतै पनि गुनासो छैन, निराशामा हार मानेको भावना छैन । प्रत्येक हरफमा परिवारप्रतिको गहिरो माया, जीवनप्रतिको साँचो सोच र कठिन परिस्थितिमा पनि आफ्नो आत्मा, मानवता, नेपाली संस्कृति तथा वास्तुकलाप्रतिको स्पष्ट सोच र आशाको भावना देखिन्छ । यस पुस्तकले पति-पत्नीबिचको प्रेममात्र होइन, राजनीतिक सीमालाई पनि पार गर्दै जीवन, समाज र आशाबारेको गहिरो मानवीय भाव प्रस्तुत गरेको छ ।

अनुवादको क्रममा मैले सधैँ गहिरो सम्मान र जिम्मेवारीको भावना बोकेको थिएँ किनभने मैले केवल शब्दहरू होइन, ती शब्दहरूको पछाडि लुकेको भावनालाई पाठकसम्म पुऱ्याउनुपर्ने थियो । त्यो भावना, जसले जेलको कठिन वातावरणमा पनि आफ्नो सद्भावना जोगायो, अन्धकारका बिच पनि जीवनप्रतिको प्रेम गुमाएन । रोहितज्यूले अत्यन्त सरल भाषामा उत्कृष्ट विचार व्यक्त गर्नुभएको छ । पत्नीप्रतिको स्नेह, छोराप्रतिको चिन्ता, विगतका सम्झना र आफ्ना आध्यात्मिक मूल्यहरूप्रतिको अटल निष्ठा, यी सबै भावना कुनै शब्दावलीबिना अत्यन्त प्रभावशाली ढङ्गले प्रस्तुत भएका छन् ।



चाङ होङ्वेइ

त्यसैले, मैले प्रत्येक शब्द, प्रत्येक वाक्य र प्रत्येक भावलाई अत्यन्त सावधानीपूर्वक चयन गर्ने प्रयास गरेँ ताकि ती पत्रहरूमा रहेको निष्कपटता र कठिन परिस्थितिमा पनि निभ्न नदिइएको आशाको ज्योति कतै कमजोर नहोस् । मेरो चाहना यही हो कि चिनियाँ पाठकहरूले पनि यो पुस्तक पढ्दा भाषाको सीमालाई पार गर्दै लेखकको सबैभन्दा साँचो भावना महसुस गर्न सकून् र प्रेम तथा उज्यालोको खोजी गर्ने यस यात्रालाई अनुभव गर्न सकून् ।

हामी प्राय: साहित्यको कुनै सीमा हुँदैन भन्छौँ । वास्तवमा समय र स्थानको सीमाभन्दा पर पुगेर मानिसको मन छुने शब्दहरू परिस्थिति, पहिचान वा हैसियतसँग सम्बन्धित हुँदैनन्; तिनीहरू मानवताको न्यानोपन र आत्मिक शक्तिसँग सम्बन्धित हुन्छन् ।

'जेलका चिट्ठीहरू' पुस्तकको सबैभन्दा ठुलो महत्त्व कुनै असाधारण घटनाको वर्णन गर्नुमा छैन बरु प्रत्येक पाठकलाई यो सम्झाइदिनुमा छ कि जीवनमा जति नै कठिन समय आए पनि यदि हाम्रो मनमा राम्रो भावना र आशा जीवित रह्यो, यदि हाम्रो आत्माले अन्धकारसँग कहिल्यै हार मानेन भने हामीलाई कुनै पनि कठिनाइले हराउन सक्दैन । जेलभित्र लेखिएका यी शब्दहरू दु:खले कमजोर भएका छैनन्; बरु ती आफैँ एउटा उज्यालो बनेका छन्, जसले लेखकको आफ्नै मन उज्यालो बनाउनुका साथै जीवनमा अन्योल, कठिनाइ र जिम्मेवारीको भार बोकेर अघि बढिरहेका प्रत्येक व्यक्तिलाई पनि हौसला दिन्छन् ।

आज यो कृति अझ धेरै पाठकसम्म पुग्न लागेको छ । एक अनुवादकको रूपमा मेरो सबैभन्दा ठुलो इच्छा यही हो कि यी न्यानोपन र शक्तिले भरिएका शब्दहरू अझ धेरै मानिसहरूले पढून्, बुझून् र सम्झिरहून् । यी पत्रहरू पढ्ने क्रममा हामीले कठिन परिस्थितिमा पनि अडिग रहन सक्ने शक्ति र कोमलतामात्र होइन, आफ्नै जीवनलाई पनि फर्केर हेर्न सकौँ; अहिलेको उज्यालो र स्वतन्त्रताको मूल्य बुझ्न सकौँ; साधारण जीवनमा पनि आफ्नो मनको उज्यालो जोगाइराख्न सकौँ र जीवनका चुनौतीहरूको सामना गर्ने साहस र आत्मविश्वास सधैँ कायम राख्न सकौँ ।

यस पुस्तकको अनुवादबारे छोटो जानकारी दिन चाहन्छु । रोहितज्यूका मूल पत्रहरू नेपाली भाषामा लेखिएका थिए । गत वर्ष तिनको अङ्ग्रेजी संस्करण प्रकाशित भइसकेको थियो । यसपटक चिनियाँ अनुवाद अङ्ग्रेजी संस्करणलाई आधार मानेर गरिएको हो । विभिन्न भाषामा रूपान्तरण हुँदै आएको यस प्रक्रियामा भाषागत भिन्नता तथा चिनियाँ भाषामा अनुवादका कारण कतिपय स्थानमा मूल नेपाली भाव पूर्ण रूपमा व्यक्त हुन नसकेको हुनसक्छ । यदि कुनै त्रुटि, कमजोरी वा अपूर्णता रहेको भए, पाठकवर्गबाट सहृदयतापूर्वक क्षमाको अपेक्षा गर्दछु ।

अन्त्यमा, यस पुस्तकलाई प्रकाशित गर्न र पाठकसम्म पुऱ्याउन योगदान गर्नुहुने सम्पूर्ण व्यक्तिहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यहाँ उपस्थित सम्पूर्ण अतिथि तथा मित्रहरूलाई समय दिएर सुन्नुभएकोमा धन्यवाद दिन चाहन्छु ।

जेलका चिट्ठीहरू पुस्तक धेरैभन्दा धेरै पाठकहरूको मनसम्म पुग्न सफल होस् र यसलाई पढ्ने प्रत्येक व्यक्तिको हृदयमा आशा, साहस र उज्यालोको किरण फैलियोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

*(यो मन्तव्य बाल विकास इङलिस सेकेन्डरी स्कूलद्वारा शुक्रबार आयोजित चिनियाँ भाषामा अनुदित 'जेलका चिट्ठीहरु' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा पुस्तकका अनुवादक चाङ होङ्वेइले व्यक्त गर्नुभएको हो-सं)*



इरानमाथि अमेरिकी आक्रमणको विरुद्ध र साम्राज्यवादको विरोधमा इरानको राजधानी तेहरानमा विरोध प्रदर्शन गर्दै इरानी जनता जुलाई १७, २०२६ को साँझ ।
*तस्बिर : एपी/वाहिद सलेमी*

# इरानमा अमेरिकी आक्रमण जारी : पछिल्लो आक्रमणमा ३८ जनाको मृत्यु, ४०० भन्दा बढी घाइते

तेहरान, २ साउन (एएनआई) । इरानका विभिन्न प्रान्तहरूमा जारी अमेरिकी आक्रमणका कारण कम्तिमा ३८ जनाको मृत्यु हुनुका साथै ४०० भन्दा बढी घाइते भएको इरानको स्वास्थ्य मन्त्रालयले जनाएको छ । आक्रमणले पुल, ऊर्जा सुविधाहरू र समुद्री नियन्त्रण टावरसहित नागरिक पूर्वाधारलाई लक्षित गरेको जनाइएको छ ।

इरानको प्रेस टिभीका अनुसार होर्मोजगन, बुसेहर, सिस्तान र बलूचिस्तान, खुजेस्तान र लोरेस्तान प्रान्तका प्रभावित क्षेत्रहरूमा आक्रमण गरिएको थियो ।

आक्रमणमा चाबहारको शाहिद कलन्तरी बन्दरगाहमा रहेको सामुद्रिक नियन्त्रण टावर ध्वस्त भएको जनाइएको छ । यद्यपि, प्रेस टिभीको रिपोर्ट अनुसार बन्दरगाहको कार्गो-सुविधाहरू र अन्य पूर्वाधारमा कुनै हताहत भएको रिपोर्ट गरिएको छैन ।

युएस सेन्ट्रल कमान्ड (सेन्टकम) ले शुक्रबार चाबहारको इरानको शाहिद कलान्तरी बन्दरगाहमा रहेको निगरानी टावरलाई 'सफलतापूर्वक नष्ट' गरेको पुष्टि गर्दै यो इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आईआरजीसी) द्वारा ओमानको खाडीमा, होर्मुजको जलमार्ग हुँदै व्यापारिक ढुवानीको निगरानी गर्न प्रयोग गरिएको समुद्री निगरानी नेटवर्कको केन्द्र भएको बताएका छन् ।

इरानी समाचार एजेन्सी इरनाले प्राविधिक र परिचालन टोलीहरूले क्षतिको आकलन गर्न, प्रभावित क्षेत्रलाई सुरक्षित गर्न र बन्दरगाह गतिविधिहरू पुन: सुरु गर्ने कदमहरूको समीक्षा गर्न थालेको बताएको छ । सुरक्षा जाँच पूरा भएपछि कार्गो सञ्चालन पुन: सुरु हुने अपेक्षा गरिएको छ ।

यसैबिच, होर्मोजगन प्रान्तका अधिकारीहरूले खमीर काउन्टीका छ वटा पुलहरूसहित धेरै स्थानहरूमा आक्रमण भएपछि ठूलो क्षति भएको रिपोर्ट गरेका छन् । होर्मोजगन गभर्नरको कार्यालयले आक्रमणमा सात जनाको मृत्यु भएको र अन्य नौ जना घाइते भएको बताएको छ ।

अधिकारीहरूले आक्रमणले बन्दर अब्बास, बन्दर खमीर र लारलाई जोड्ने यातायात मार्गलाई असर गरेको जनाइएको छ भने आपतकालीन टोलीहरू वैकल्पिक मार्गहरूमार्फत आवागमन पुनर्स्थापना गर्न सक्रिय रहेको बताइएको ।

आवासीय क्षेत्रमा भएको आक्रमणमा एक जनाको मृत्यु भएको र अन्य आठ जना घाइते भएको बताउँदै इरानी अधिकारीहरूले पनि बन्दर अब्बासमा हताहत भएको जानकारी दिएका छन् ।

प्रान्तीय अधिकारीहरूलाई उद्धृत गर्दै प्रेस टिभीले रिपोर्ट गरे अनुसार सहरको एउटा रेलवे शाखा स्टेसनमा क्षति पुगेको छ, जसमा दुई जना घाइते भएका छन् ।

बुसेहर प्रान्तमा गभर्नर मोहम्मद मोजाफारीले केही घण्टाभित्रै दुईवटा आक्रमण भएको र एक जना घाइते भएको बताउनुभएको छ ।

खुजेस्तान प्रान्तका उप गभर्नर वालियोल्लाह हयातीले अमेरिकी सेनाले अहवाज वरपरका क्षेत्रहरूलाई लक्षित गरी आक्रमण गरेको बताउनुभएको छ भने अधिकारीहरूले क्षतिको परिमाण मूल्याङ्कन गरेको बताइएको छ । यस अघि इरानी अधिकारीहरूले अहवाज नजिकैको आक्रमणले क्यान्सरको उपचारमा विशेषज्ञता प्राप्त शाहिद बाघाई अस्पताललाई अस्थायी रूपमा खाली गर्न बाध्य पारेको आरोप लगाएका थिए ।

पश्चिमी इरानको लोरेस्तान प्रान्तमा, उप गभर्नर सईद पौरालीले चेगेनी काउन्टीको वेसियान जिल्लामा आक्रमण भएको रिपोर्ट गरिएको बताउनुभएको छ ।

अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले तटीय निगरानी प्रणाली, हवाई रक्षा स्थलगायतका पूर्वाधार र समुद्री सम्पत्तिलगायत सैन्य क्षमताहरूलाई लक्षित गर्दै इरानविरुद्ध तिव्र आक्रमण गरेको बताएको छ ।

इरानी अधिकारीहरूले अमेरिकाले नागरिक पूर्वाधारलाई लक्षित गरेको आरोप लगाएका छन् भने वासिङ्टनले आफ्नो कारबाहीको उद्देश्य इरानी सैन्य क्षमतालाई घटाउनु र क्षेत्रीय सुरक्षाविरुद्धको खतराहरूको जवाफ दिनु रहेको बताएको छ ।

बहराइन, कुवेत, सिरिया र ओमानमा अमेरिकी स्थानहरूमा आक्रमण गरेको दाबी गर्दै इरानले यस क्षेत्रमा अमेरिकी सैन्य सम्पत्तिहरू विरुद्ध जवाबी आक्रमणको घोषणा गरेको छ ।

# हङकङ मुद्दामा अमेरिकी नीतिमा परिवर्तन, सङ्कटकाल नवीकरण नगरिने

वासिङ्टन, २ साउन (एएफपी) । हङकङको राष्ट्रिय सुरक्षा कानुनका कारण उत्पन्न सुरक्षा खतरालाई आधार बनाउँदै घोषणा गरिएको सङ्कटकाल अब निरन्तरता नदिने निर्णय गरेको अमेरिकी अधिकारीहरूले शुक्रबार पुष्टि गरेका छन् ।

तर, जुलाई २०२० मा सङ्कटकाल घोषणासँगै खारेज गरिएको हङकङको विशेष व्यापारिक हैसियत पुन:स्थापना गरिने वा नगरिने भन्ने विषयमा भने अमेरिकाले स्पष्ट जानकारी दिएको छैन ।

चीनको वाणिज्य मन्त्रालयले अमेरिकी निर्णयको स्वागत गर्दै यो कदम दुई देशबिचको आर्थिक तथा व्यापारिक संवादका क्रममा भएको सहमति कार्यान्वयनतर्फको महत्त्वपूर्ण कदम भएको जनाएको छ ।

ह्वाइट हाउसले त्यसयता उक्त सङ्कटकालीन आदेश हरेक वर्ष नवीकरण गर्दै आएको थियो । चीनको वाणिज्य मन्त्रालयका अनुसार अमेरिकाले हालै उक्त आदेश समाप्त गर्ने निर्णयबारे बेइजिङलाई जानकारी गराएको थियो ।

यद्यपि, अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले सङ्कटकाल अन्त्य भए पनि यसअघि जारी गरिएको कार्यकारी आदेशका अन्य प्रावधान भने कायमै रहने बताएका छन् । उनले अमेरिकी कानुनअनुसार हङकङलाई चीनभन्दा फरक व्यवहार गर्ने आधार अब पर्याप्त नरहेको दाबी गरे ।

अमेरिकी अर्थ मन्त्रालयका अनुसार सङ्कटकालअन्तर्गत प्रतिबन्धमा परेका ४८ जनामध्ये ३९ जना अझै अर्को कानुनअन्तर्गत प्रतिबन्धको सूचीमा छन् । मन्त्रालयले प्रतिबन्धसम्बन्धी व्यवस्थालाई अद्यावधिक गर्ने प्रक्रियाअन्तर्गत सङ्कटकाल नवीकरण नगर्ने निर्णय गरिएको जनाएको छ ।

सन् १९९७ मा बेलायतले हङकङ चीनलाई हस्तान्तरण गरेपछि उक्त क्षेत्रले विशेष स्वायत्तता र छुट्टै आर्थिक हैसियत पाउँदै आएको थियो । तर, सन् २०२० मा चीनले राष्ट्रिय सुरक्षा कानुन लागू गरेपछि हङकङको स्वायत्तता र नागरिक स्वतन्त्रताको अवस्थालाई लिएर अन्तर्राष्ट्रिय आलोचना हुँदै आएको छ ।

हङकङ सरकारले अमेरिकी नीतिमा आएको परिवर्तनलाई ध्यानमा राखेको र दुवै पक्षबिच सामान्य आर्थिक तथा व्यापारिक सम्बन्ध पुन:स्थापित हुने अपेक्षा गरेको जनाएको छ ।

## इरानले कुवेत र जोर्डनस्थित अमेरिकी सैन्य लक्ष्यमा आक्रमण गरेको दाबी

तेहरान, २ साउन (एएफपी) । इरानले अमेरिकी आक्रमणको प्रत्युत्तरस्वरूप कुवेत र जोर्डनस्थित अमेरिकी सैन्य लक्ष्यहरूमा प्रहार गरेको दाबी गरेको छ । इरानी सरकारी टेलिभिजनले शनिबार प्रसारण गरेको सैन्य विज्ञप्तिमा यस्तो उल्लेख गरिएको हो ।

विज्ञप्तिअनुसार कुवेतको अल-अदिरी शिविरस्थित गोलाबारुद भण्डारण केन्द्र, अली अल-सलेम सैन्य आधारका मुख्यालय भवन, गोलाबारुद डिपो तथा सञ्चार पूर्वाधारलाई निशाना बनाइएको दाबी गरिएको छ ।

त्यसैगरी, जोर्डनको अल-अज्राक सैन्य आधारमा रहेका इन्धन भण्डारण ट्याङ्कीहरूलाई पनि आक्रमण गरिएको इरानी सरकारी सञ्चारमाध्यमले जनाएको छ । यसैबिच, कुवेती सेनाले आफ्नो हवाई प्रतिरक्षा प्रणालीले शत्रुतापूर्ण लक्ष्यहरूलाई अवरोध गर्ने क्रममा विस्फोटका आवाज सुनिएको जनाएको छ ।

## विश्व सङ्क्षेप

### इरानमा लगातार सातौँ रात हवाई आक्रमण गरेको अमेरिकी सेनाको दाबी

वासिङ्टन, २ साउन (क्युएनए) । अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले शनिबार उर्जा पूर्वाधार र अन्य सैन्य स्थलहरूलाई लक्षित गरी इरानविरुद्ध लगातार सातौँ रातसम्म हवाई आक्रमण गरेको दाबी गरेको छ ।

सेनटमले जारी गरेको विज्ञप्तिमा पछिल्लो आक्रमणले सैन्य पूर्वाधार, निगरानी स्थल, भूमिगत हतियार भण्डारण सुविधा र समुद्री क्षमताहरूलाई लक्षित गरेको उल्लेख गरिएको छ । अपरेसनमा लडाकु विमान, ड्रोन, युद्धपोत र अन्य सैन्य सम्पत्तिहरू समावेश भएको बताइएको छ ।

कमान्डले ५० हजार भन्दा बढी अमेरिकी सैन्य जनशक्ति मध्यपूर्वमा तैनाथ रहेको र घातक आक्रमणको तयारी भइरहेको बताएको छ ।

सेन्टकमले इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) को दाबीलाई पनि अस्वीकार गरेको छ भने होर्मुजको जलमार्गमा दुई तेल ट्याङ्करहरूमा इरानले कथित रूपमा राखेका खानीहरूमा प्रहार गरेपछि विस्फोट भएको थियो । यसअघि, रातारात आक्रमणको पछिल्लो लहर सुरु गर्ने घोषणा गदै सेन्टकमले अपरेसनको उद्देश्य इरानको सैन्य क्षमतालाई कमजोर पार्नु रहेका बताएको थियो ।

### रूसमा भएको युक्रेनी आक्रमणमा सात जनाको मृत्यु, २४ घाइते

मस्को, २ साउन (एएफपी) । पश्चिमी रूसमा भएको युक्रेनी ड्रोन आक्रमणमा सात जनाको मृत्यु हुनुका साथै २४ जना घाइते भएको क्षेत्रीय गभर्नर एभगेनी पेरभिशोभले शनिबार बताउनुभएको छ ।

पछिल्लो समयमा मस्कोको चार वर्षभन्दा लामो आफ्नो क्षेत्रविरुद्धको आक्रमणको उचित प्रतिशोधको रुपमा युक्रेनले रूसका धेरै लक्ष्यहरूमा प्रहार गर्दै आएको जनाइएको छ ।

युक्रेनले "वाइल्डबेरीको लजिस्टिक सेन्टर" मा प्रहार गर्दा रातिको सिफ्टमा काम गरिरहेका सात जना कर्मचारीको मृत्यु भएको टाम्बोभ क्षेत्रका गभर्नर एभगेनी पेरभिशोभले बताउनुभएको हो ।

प्रारम्भिक जानकारी अनुसार कोटोभस्क सहरमा भएको आक्रमणमा २४ जना घाइते भएको उहाँले उल्लेख गर्नुभएको छ ।

रूसी फर्म वाइल्डबेरीले विज्ञप्ति जारी गर्दै मस्को क्षेत्रको कोटोव्स्क र इलेक्ट्रोस्टलमा रहेका लजिस्टिक कम्प्लेक्सहरूसमेत आक्रमणको निशानामा परेको बताएको छ । टाम्बोभ क्षेत्रका सुविधामा लागेको आगो नियन्त्रणमा लिइसकिएको जनाइएको छ भने अग्निशामकहरू अझै उद्धारका लागि तैनाथ रहेको कम्पनीले बताएको छ । मस्को क्षेत्रमा रातारात ३७० वटाभन्दा बढी ड्रोन प्रक्षेपण गरिएको रूसी राजधानीका मेयर सर्गेइ सोब्यानिनले शनिबार बताउनुभएको छ । उहाँका अनुसार हवाई रक्षा बलहरूद्वारा कैयौँ ड्रोन निष्क्रिय बनाइएको छ भने मस्को पुग्दा ६४ वटा युएभीहरू नष्ट भएका छन् ।

हाल वासिङ्टनले इरानसँगको द्वन्द्वमा ध्यान केन्द्रित गरेको कारण पछिल्लो समयमा युद्व अन्त्य गर्ने अमेरिकी नेतृत्वको कूटनीतिक प्रयासहरू रोकिएको जनाइएको छ ।

## भेनेजुयलामा भूकम्पबाट मृत्यु हुनेको सङ्ख्या पाँच हजार नाघ्यो

काराकास, २ साउन (एएफपी) । गत महिना भेनेजुयलामा गएको दुई शक्तिशाली भूकम्पमा मृत्यु हुनेको सङ्ख्या पाँच हजार नाघेको छ । पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले ३४ करोड ६० लाख अमेरिकी डलर उपलब्ध गराएको अधिकारीहरूले शनिबार बताएका छन् ।

गत जून २४ मा एक मिनेटको अन्तरालमा सात दशमलव दुई र सात दशमलव पाँच म्याग्निच्युडका दुई भूकम्प जाँदा राजधानी काराकासको उत्तरमा रहेको तटीय राज्य ला गुआइरा सबैभन्दा बढी प्रभावित भएको थियो ।

नेसनल एसेम्बलीका प्रमुख जर्ज रोड्रिगेजका अनुसार भूकम्पमा परी हालसम्म पाँच हजार ६९ जनाको मृत्यु भएको छ । अधिकांश मृतक तटीय क्षेत्रका बासिन्दा रहेका छन् ।

भूकम्पमा घाइते हुनेको सङ्ख्या १६ हजार ७४० पुगेको छ । यद्यपि अधिकांश घाइते उपचारपछि अस्पतालबाट घर फर्किसकेको अधिकारीहरूले जनाएका छन् ।

अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजले भूकम्पपछिको पुनर्निर्माणका लागि आइएमएफबाट ३४ करोड ६० लाख अमेरिकी डलर प्राप्त भएको जानकारी दिनुभयो ।

आइएमएफकी प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले उक्त रकम उपलब्ध गराइएको पुष्टि गर्दै तत्काल मानवीय आवश्यकताको सम्बोधनका लागि भेनेजुयलाको आफ्नै सञ्चित स्रोत (रिजर्भ ट्राञ्च) प्रयोग गर्न सहयोग गरिएको बताउनुभयो ।

भूकम्पका कारण करिब २० हजार मानिस घरबारविहीन भएका छन् । उनीहरू अस्थायी शिविरमा बस्दै आएका छन्, जहाँ खानेपानी र सरसफाइको पर्याप्त व्यवस्था नभएको जनाइएको छ ।

भेनेजुयलासँग आइएमएफमा करिब पाँच अर्ब १० करोड अमेरिकी डलर बराबरको विशेष आहरण अधिकार (एसडीआर) मौज्दात रहेको छ । निकोलस मादुरोलाई राष्ट्रपति नमानिएका कारण यसअघि उक्त स्रोतको उपयोग रोकिएको थियो ।

यस वर्ष जनवरीमा निकोलस मादुरो अमेरिकी सेनाद्वारा अपहरण भएपछि आइएमएफ र विश्व बैङ्कले अप्रिलमा भेनेजुयलासँगको सहकार्य पुन:सुरु गरेका थिए । सन् २०१९ देखि यी संस्थासँगको सम्बन्ध स्थगित रहेको थियो ।

# एत्येन काबेट को हुन् ?

फ्रान्सेली उच्चारणमा एत्येन काबेट एक फ्रान्सेली काल्पनिक समाजवादी र पेसाले एक पत्रकार थिए । उनको जन्म १ जनवरी १७८८ मा फ्रान्समा भएको थियो । उनले १९ औँ शताब्दीको छैटौँ र सातौँ दशकमा सर्वहारावर्गको राजनैतिक आन्दोलनमा भाग लिएका थिए । उनी शान्तिपूर्ण कल्पनावादी साम्यवादका एक सिद्धान्तकार थिए । उनी 'इकारिया' भनिने एक साम्यवादी समाजको कल्पना गर्थे । उनले 'इकारियाको यात्रा' नामक पुस्तक लेखे, जुन सार्है चर्चित पुस्तक थियो । उनले 'जनता' नामको पत्रिका प्रकाशन गरे । त्यस समयमा उनी सार्है चर्चित थिए ।

उनी कारखानाबाट निकालिएका कालिगड र मजदुरहरूलाई विशेष ध्यान दिन्थे । क्राइस्टेली धर्मको 'स्वर्ण नियम' लाई उनी व्यवहारमा लागू गर्न चाहन्थे र व्यक्तिगत सम्पत्तिको ठाउँमा सबैको सम्पत्ति समाजको सामूहिक बनाउन चाहन्थे । पेसाले उनी एक वकिल र पत्रकार थिए । उनका बुबा कालिगड थिए ।

फ्रान्सेली क्रान्तिको उथल-पुथलमा उनले विभिन्न भूमिका खेलेका थिए । उनी एक क्षेत्रको न्यायाधिवक्ता, विद्रोही समितिको एक नेतृत्वदायी व्यक्ति र 'जनता' पत्रिकाका संस्थापक थिए । त्यस पत्रिकाका चार लाख पाठक थिए । पेसाले वकिल भएकाले उनी लुई फिलिपको सरकारमा कोर्सिका प्रान्तका सहन्यायाधिवक्ता भए ।

सन् १७८९ देखि १८३० सम्मको 'फ्रान्सेली क्रान्तिको इतिहास' लेखेर उनी रुढीवादी विचारको विरोधमा अगाडि बढे । त्यसकारण, उनले न्यायाधिवक्ताको पद गुमाए । सन् १८३१ मा फ्रान्सकै कोतेदोर भन्ने निर्वाचन क्षेत्रबाट उनी प्रतिनिधिसभामा चुनिए र परिवर्तनवादी पक्षमा उभिए ।

इतिहासको पुस्तकमा सरकारको विरोध गरेको मुद्दामा १८३४ मा ४६ वर्षको उमेरमा उनलाई पाँच वर्षको लागि देश निकालाको सजाय भयो ।

काबेटले बेलायतमा राजनैतिक शरण लिए । त्यहाँ उनी थोमस मोर (१४७८-१५३५) को 'स्वप्न लोक' (युटोपिया) बाट प्रभावित भए । थोमस मोर बेलायतका राजनीतिज्ञ, कल्पनावादी साम्यवादका सुरुआती प्रतिनिधिमध्ये एक थिए । त्यस्तै बेलायतकै काल्पनिक समाजवादी रोबर्ट ओवेन (१७७१-१८५८) का पुस्तकहरू र उनका कल्याणकारी कारखानाका मजदुरहरूलाई दिइएको सहुलियतहरूबाट काबेट प्रभावित भए । ओवेन पनि बेलायतका एक चर्चित काल्पनिक समाजवादी थिए । त्यसबेला फ्रान्सका एक प्रसिद्ध काल्पनिक समाजवादी चार्ल्स फ्युरिए (१७७२-१८३७) बाट पनि उनी प्रभावित थिए ।

काबेटले पनि एक साम्यवादी समाजको कल्पना गरे, जहाँ पूर्णरूपले निर्वाचित प्रजातान्त्रिक सरकारले शासन गर्छ र त्यहाँको आर्थिक क्षेत्रको गतिविधि सबै सरकारबाटै सञ्चालित हुन्छ । हरेक परिवार त्यस समाजको सदस्य हुन्छ । त्यहाँ व्यक्तिगत सम्पत्ति हुँदैन र सबै सम्पत्ति समाजको हुन्छ । उनले त्यस काल्पनिक साम्यवादी समाजलाई 'इकारिया' नाम दिए । सो सम्बन्धमा आफूले लेखेको पुस्तकलाई उनी व्यवहारमा कार्यान्वयन गर्न चाहन्थे ।

'इकारिया' मा पुँजीवादी उत्पादनको बन्दोबस्त गर्ने मजदुरहरूको सहकारी थियो । केही लेखकहरूले त्यस विषयमा महत्त्व दिएनन् भने मार्क्स र एङ्गेल्सले 'इकारियाको यात्रा' लाई पनि आफ्नो जानकारीमा लिए । ५ वर्षको देश निकालापछि १८३९ मा उनी फ्रान्स फर्के र साम्यवादी समाज स्थापना गर्ने आन्दोलनमा लागे ।

सन् १८४१ मा 'जनता' लाई पुनः प्रकाशन गरे तथा क्राइश्चेली धर्मको समानताबारे उनको दृष्टिकोणमा पनि चर्चा र छलफल नै भइरहन्थ्यो । उनले जिसस क्राइस्ट र क्राइश्चेली धर्मबारे पाँच भागसम्मको पुस्तक लेखे र छापे ।

सन् १८४६ र ४७ मा फ्रान्सेली समाजलाई सुधारबाट 'साम्यवाद' लागू गर्ने उनले सपना देखे । उनले १८४८ मा संरा अमेरिकाका 'साम्यवादी' समाज वा 'इकारिया' स्थापना गर्न कुरा मिल्ने फ्रान्सेलीहरूलाई अमेरिका लगे । 'इकारियाली' समाजमा काबेट १० वर्षको निम्ति प्रमुख छानिए । त्यसबेला उनी ६० वर्षका थिए ।

३ फेब्रुअरी सन् १८४८ मा न्यू ओर्लेन्स र टेक्सासको डलासमा ३२० एकड वा भण्डै ६५० बिघा भूमिमा काम थालियो । विभिन्न खालका मानिसहरू हुनु र फ्रान्सेली सुविधामा बसेका र अमेरिकाका बञ्जर जग्गामा काम गर्नुपर्दा तीन भागको एक भाग समर्थकहरू फ्रान्स फर्के । बाँकी भएका १४२ पुरुष, ७४ महिला र ६४ जना केटाकेटीमध्ये २० जना बाटामै भाडापखालाले मरे ।

सन् १८४९ मा मिसिसिपी नदीको छेउमा नोभो (Nauvoo) मा १२ एकड जग्गा किने र काबेट एक वर्षको निम्ति एकमतले नेता चुनिए । १८५५ सम्ममा उनले त्यहाँ एक कृषि समुदायको रूपमा विकास गरे । शिक्षा-संस्कृतिप्रति चाख राख्ने हुनाले उनले नोभो इकारियाली समूहमा ५०० जति सदस्यहरूबाट राम्रो खेतीपाती विकास गरे । पसल, विद्यालय, पीठो पिस्ने कलघर (घट्ट), काठ चिर्ने मिल स्थापना गरे । रक्सी बनाउने एक भट्टी, अङ्ग्रेजी र फ्रान्सेली भाषाका समाचारपत्रहरू चलाए, ३९ जनाको सङ्गीत र बाजा गाजाको टोली बनाए । नाचघर र ४ हजार पुस्तकहरू भएको त्यस राज्यको सबभन्दा ठूलो पुस्तकालय पनि बनाए ।



इकारिया समाजमा शनिबारको दिन समाजका सबै सदस्यहरू भेला भएर आफ्ना समस्याहरूमाथि छलफल गर्थे । छलफलमा महिलाहरूले पनि भाग लिन्थे तर महिलाहरूको मताधिकार भने थिएन । पुरुषहरूको मात्रै मताधिकार थियो । त्यसो त युरोप र संसारकै त्यही स्थिति थियो । त्यहाँ धार्मिक गतिविधि हुँदैनथ्यो र नैतिकता तथा लोककल्याणबारे आइतबारको दिन कुराकानी हुन्थ्यो । त्यस समूहको २०० माइल टाढा पनि त्यस्तै साम्यवादी समाज स्थापना गरियो ।

सन् १८५१ मा काबेट ६३ वर्षका थिए । फ्रान्समा उनका पुराना साथीहरूले उनलाई ठगीको मुद्दा लगाए । त्यहीँ साल मई महिनामा उनी फ्रान्स फर्के । जुलाई महिनामा अदालतबाट उनी निर्दोष साबित भए । सन् १८५२ मा उनी नोभो इकारियामा फर्कँदा केही मानिसहरूले सुर्ती र रक्सी खान थालेका थिए, महिलाहरू राम्रा राम्रा लुगा लगाएर झिलिमिली गर्न थालेका थिए तथा सामूहिक सम्पत्तिलाई निजी सम्पत्ति गर्न खोज्दै थिए । २३ नोभेम्बर सन् १८५३ मा उनले ४८ वटा नियमहरू बनाएर रक्सी र सुर्ती खान बन्द गराए । तर, केहीले शिकार खेल्न र माछा मार्न पाउनुपर्ने, ज्यासलमा पनि गफसफ गर्न पाउनुपर्ने आदि माग राखी काबेटलाई सर्वसत्तावादी, अस्थिर र भावुक भन्दै आलोचना गर्न थाले ।

सन् १८५५ मा समाजको विधानमा परिवर्तन गर्न खोज्दा काबेट आजीवन अध्यक्ष बन्न खोजेको भन्दै समर्थकहरूले हडताल गरे । त्यसलाई नियन्त्रण गर्न सामूहिक भान्छा घर बन्द गराए । ५२६ जनाको समुदायमा मिसिसिपी नदीको पारिबाट आएका तथा आर्थिक रूपले पीडित फ्रान्सबाट आएका ५७ जनालाई समुदायमा सामेल गर्न मानेनन् । ती नयाँ आगन्तुकहरूले फ्रान्सको 'जनता' कार्यालयबाट पैसा लिएर आएका थिए र त्यसले असमझदारी बढायो । सन् १८५६ मा काबेटले लेखेको 'अमेरिकी समता समाज' पुस्तकमा उल्लिखित श्रम विभाजन र खाद्यान्न वितरणको विषयलाई लिएर समुदायमा बहस चर्किएको बताइयो । समस्या समाधान गर्न नसकेपछि काबेटले १८५६ अक्टोबरमा १८० जना सदस्यसँग नोभो छोडे र तीन समूह गरी न्यु ब्रमेन, मिसौरी र त्यसको नजिकै सेन्ट लुइसमा गए ।

८ नोभेम्बर १८६५ मा ६८ वर्षको उमेरमा काबेटलाई हृदयघात भयो । मिसौरी गएका उनका समूहहरूका अन्तिम समूह बिदा भएको केही दिनपछि उनी बिते ।

१५ फेब्रुअरी सन् १८५८ मा काबेटका उत्तराधिकारी मेर्काडिरको नेतृत्वमा उनको अस्तुलाई सेन्ट लुइसको पश्चिममा समाधिस्थ गरियो । मेर्काडिर पेसाले एक वकिल थिए । चेल्टहाम भन्ने त्यो ठाउँ 'साम्यवादी समाज-इकारियाली बस्ती' को रूपमा कायम रह्यो ।

विभिन्न स्थानमा स्थापित ती 'साम्यवादी समूहहरू' सन् १८८३ सम्म टुटफुट हुँदै अस्तित्वमा रहे । सन् १८९८ अर्थात् स्थापनाको ४६ वर्षसम्म कोर्निङ भन्ने ठाउँमा अस्तित्वमा रह्यो ।

पश्चिमी इलिनोस विश्वविद्यालयको पुस्तकालयमा इकारियाली अध्ययनको एक केन्द्र छ । त्यहाँ समाजवादी समाजको कागजपत्र र अभिलेखहरू सँगालिएका छन् । नोभो ऐतिहासिक साम्यवादी समाजका केही दस्तावेज र प्रमाणहरू पनि प्रदर्शित छन् ।

***स्रोत : जनताको साहित्य, वर्ष ४६, अङ्क १२, चैत/वैशाख २०७६/०७७***

# साउनको हरियो पर्दाभित्र धार्मिक व्यापार

✍ **सत्यजीत**

साउन महिना सुरु हुनेबित्तिकै दक्षिण एसियाली बजारको रङ रातारात फेरिन्छ । सडक, पसल र गल्लीहरू हरियो कुर्ता, हरियो सारी, हरियो चुरा, पोते र मेहन्दीको विज्ञापनले भरिभराउ हुन्छन् । शिव मन्दिरहरूमा फूल, अक्षता र जल चढाउने भक्तहरूको लामो ताँती देखिन्छ । परम्परागत रूपमा यसलाई विशुद्ध धार्मिक आस्था, प्रकृति पूजा र दाम्पत्य कल्याणको उत्सवका रूपमा व्याख्या गरिन्छ । तर, इतिहास-भौतिकवादी र राजनैतिक अर्थशास्त्रको दृष्टिकोणबाट हेर्दा यो 'हरियो सिङ्गार' केवल आध्यात्मिक चेतना होइन; यो त मानिसको आस्थालाई वस्तु (Commodity) मा बदल्ने पुँजीवादी कर्पोरेट बजारको एउटा विशाल, सङ्गठित र क्रूर सञ्जाल हो, जसले रैथाने अर्थतन्त्रलाई खोक्रो पार्दै राष्ट्रिय पुँजीलाई बाहिर पठाउने काम गरिरहेको छ ।

पुँजीवादी बजारको सबैभन्दा ठूलो विशेषता नै 'कृत्रिम आवश्यकताको सिर्जना' (Creation of False Needs) गर्नु हो । हिजोका दिनमा साउनमा मेहन्दी लगाउनु वा हरियो रङ अँगाल्नुको पछाडि वर्षायामको रैथाने स्वास्थ्योपचार (एन्टिसेप्टिक रक्षा) र प्रकृतिको उत्सव थियो । मानिसहरू आफ्नै आँगनको मेहन्दी पिस्थे, चुरा र पोते वर्षौंसम्म दोहोऱ्याएर लगाउँथे ।

तर, आज कर्पोरेट बजारले 'फेसन उद्योग' मार्फत यसलाई वार्षिक रूपमा नवीकरण गर्नुपर्ने अनिवार्य उपभोक्तावादी नियम बनाइदिएको छ । प्रत्येक साउनमा नयाँ बुट्टाका सारी, नयाँ फेब्रिकका कुर्ता, र भिन्न डिजाइनका चुराहरू बजारमा ल्याउँछ । मिडिया र सामाजिक सञ्जालमार्फत यस्तो वैचारिक दबाब सिर्जना गरिन्छ कि ती सामानहरू नकिन्दा महिलाहरूमा एउटा अज्ञात सामाजिक वा धार्मिक हीनताबोध पैदा हुन्छ ।

विडम्बनाको कुरा के छ भने, साउन महिनामा उपभोग गरिने यी करोडौँ थान हरिया सारी, कुर्ता, प्लास्टिक तथा सिसाका चुरा, पोते र रासायनिक मेहन्दीको ९० प्रतिशतभन्दा बढी हिस्सा नेपालभित्र उत्पादन हुँदैन । यो सबै कच्चा पदार्थ र तयारी मालका रूपमा चीन र भारतका ठूला औद्योगिक कोरिडोरहरूबाट आयात गरिन्छ । साउनको एक महिनामा मात्रै नेपाली उपभोक्ताको खल्तीबाट अर्बौं रुपैयाँ बराबरको राष्ट्रिय पुँजी यी सामान आयात गर्दा विदेश पलायन हुन्छ । पुँजीवादले स्थानीय आस्थालाई प्रयोग गरेर देशभित्रको तरलता (नगद) बाहिर पठाउने भरपर्दो वैचारिक नाकाका रूपमा साउनलाई प्रयोग गरिरहेको छ ।

साउनको सोमबार शिव मन्दिरहरूमा लाग्ने भीड केवल धार्मिक जमघट होइन, यो व्यापारिक कारोबारको केन्द्र हो । पशुपतिनाथदेखि देशका विभिन्न कुनाका शिवालयहरूमा साउन महिनाभरि हुने आर्थिक खर्चको आयतन विशाल छ ।

मन्दिरहरूमा लाखौँ केजी धूप, सिन्दुर र शिवलिङलाई सिङ्गारिने विभिन्न रङका वस्त्रहरू चढाइन्छन् । यी धूप र सिन्दुरहरू पनि घरेलु वा घरेलु उद्योगका उपज होइनन्; यी बहुराष्ट्रिय वा ठूला रासायनिक कम्पनीहरूका उत्पादन हुन् । चढाउनका लागि प्रयोग हुने स्याउ, केरा र अन्य फलफूलहरूको ठूलो हिस्सासमेत छिमेकी मुलुकको कृषि बजारबाट आयात हुन्छ । साउनमा फलफूलको माग अत्यधिक बढ्दा मूल्य कृत्रिम रूपमा बढाएर उपभोक्ताको शोषण गरिन्छ र त्यो नाफा विदेशी बिचौलियाको हातमा पुग्छ ।

आस्थाका नाममा चढाइने दूध, रासायनिक रङ र प्लास्टिकका सामग्रीहरू अन्ततः पवित्र नदी र पर्यावरणमा फोहोरका रूपमा विसर्जन हुन्छन् । अर्थात्, जसलाई धर्म भनियो, त्यसले एकातिर उपभोक्ताको आर्थिक दोहन गरिरहेको छ



भने अर्कोतिर सार्वजनिक सम्पदा र वातावरणको विनास गरिरहेको छ ।

साउनको अर्को व्यापारिक पाटो 'बोलबम' र 'काँवर यात्रा' हो । हिजोका दिनमा पैदल यात्रा गरिने र रैथाने रूपमा जल चढाइने यो परम्परा आज पूर्ण रूपमा व्यावसायिक बनेको छ ।

लाखौँ मानिसहरू सुन्दरीजल वा विभिन्न नदीहरूबाट जल उठाएर मन्दिरसम्म पुग्दा देशको यातायात क्षेत्रले ठूलो आम्दानी गर्छ । तर, यो आम्दानीको भित्री पाटो हेर्ने हो भने गाडीहरूले खपत गर्ने इन्धन (पेट्रोल/डिजेल), टायर र गाडीका स्पेयर पार्ट्सहरू शतप्रतिशत आयातीत हुन् । काँवर यात्रुहरूले लगाउने गेरुवा रङका विशेष टिसर्ट, कट्टु, प्लास्टिकका गाग्री र झोलाहरूको छुट्टै मौसमी कर्पोरेट बजार चल्छ । साउनको नाममा भइरहेको यो खर्चले आन्तरिक उत्पादकत्व बढाउनुको सट्टा शतप्रतिशत आयात र व्यापार घाटा (Trade Deficit) लाई मात्र बढावा दिइरहेको छ ।

जनशास्त्रीय दृष्टिकोणबाट हेर्दा साउनको बजारले समाजको आधा हिस्सा ओगटेको महिला जनसङ्ख्यालाई आफ्नो मुख्य निशाना (Target Group) बनाउँछ । पितृसत्तात्मक सामाजिक संरचनाले महिलालाई पुरुषको दीर्घायु र परिवारको समृद्धिका लागि 'त्याग र व्रत' बस्न सिकाउँछ । कर्पोरेट बजारले यही सामाजिक मनोविज्ञानलाई आफ्नो नाफाको हतियार बनाउँछ ।

बजारले महिलालाई बुझाउँछ कि "यदि तिमीले अमुक ब्रान्डको हरियो सारी लगाएनौ वा महँगो मेहन्दी लगाएनौ भने तिम्रो व्रत अधुरो हुन्छ ।" यो भावनात्मक ब्ल्याकमेलिङ (Emotional Blackmailing) हो । अर्को जनशास्त्रीय यथार्थ के हो भने, ती चुरा र पोते उत्पादन गर्ने वैदेशिक कारखानाहरूमा न्यून ज्यालामा काम गर्ने मजदुरहरू पनि महिला नै हुन्छन् र नेपालमा तिनलाई उपभोग गर्ने पनि महिला नै हुन् । पुँजीवादले महिला श्रम र महिला आस्था दुवैलाई एकैसाथ शोषण गरिरहेको छ ।

सङ्क्षेपमा भन्नुपर्दा, साउन महिनाको हरियो सिङ्गार र धार्मिक उत्सव आजको आधुनिक युगमा आफ्नो मौलिक चरित्र गुमाएर 'कर्पोरेट उपभोक्तावादको वित्तीय साम्राज्य' मा रूपान्तरण भइसकेको छ । हरियो चुरा, पोते, कुर्ता, सारीदेखि लिएर मन्दिरमा चढाइने धुप, सिन्दुर र यातायातमा हुने अर्बौंको खर्चले देशको अर्थतन्त्रलाई गति दिनुको सट्टा 'आयातमुखी परनिर्भरता' र 'पुँजी पलायन' लाई तीव्र बनाइरहेको छ ।

जबसम्म उपभोक्ताहरूले आस्था र बजारिया फेसनबिचको यो सूक्ष्म वर्गीय र कर्पोरेट खेललाई बुझ्दैनन्, तबसम्म साउन महिना केवल धर्मको नाममा नेपालीहरूको खल्ती रित्याउने र विदेशी उद्योगीहरूलाई धनी बनाउने एउटा वार्षिक व्यापारिक चक्र मात्र रहिरहनेछ । संस्कृतिलाई बचाउन यसको बजारीकरण र परनिर्भरताविरुद्ध आत्मनिर्भरताको बहस सुरु गर्नु आजको मुख्य आवश्यकता हो ।

# सरकारको उपस्थिति खोइ ?

- नेकाको तत्कालीन देउवा सरकारले २०५७ साउन २ गते कमैया प्रथा अन्त्य भएको घोषणा गऱ्यो । त्यसयता शासक दलका प्रधानमन्त्रीहरू पटक पटक दोहोरिए, फेरिए । तर, कमैया प्रथा अन्त्य गर्ने घोषणा कार्यान्वयन भएन । कमैयाले जोति आएको जग्गामा सरकारले मोहियानी हक दिनुपर्ने थियो तर, सरकारहरूले सरकारी जङ्गल, पर्ती र सार्वजनिक केही जग्गा कमैयालाई दिएर सामन्त र जमिनदारहरूको जग्गामा कमैयालाई मोहीयानी हक नदिई सामन्तको सेवा गरे । सरकारी तथ्याङ्कअनुसार ३२ हजार ५०९ परिवारमध्ये अझ धेरै कमैयाको व्यवस्थापन भइरहेको छैन ।
- सप्तरीको राजविराज सहरी आवास योजना ८३ वर्ष पुरानो हो । ७० विघामा फैलिएको यो योजनामा फोहरमैला, पार्किङ, सार्वजनिक शौचालय, छाडा पशु चौपाया व्यवस्थापन अझै भइरहेको छैन । दैनिक ५० टन सङ्कलन हुने फोहरमैला थान्को लगाउन ठाउँ व्यवस्थित भएको छैन ।
- नेपालीमा खानपानमा चिल्लो-पिरो, कडा र नरम पेय पदार्थ, मैदाजन्य खानेकुरा, दैनिकीमा चिन्तैचिन्ता, कम सुताइका कारण उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटु र मिर्गौला तथा मोटोपनाजस्ता नसर्ने रोग भयावह बन्दै छ । २०७९ सालको एक अध्ययनअनुसार नेपालमा ४५ लाख उच्च रक्तचाप, ३० लाख मुटुसम्बन्धी, ९ लाख मोटोपना, १ लाख क्यान्सरजस्ता नसर्ने रोगी छन् । सम्बन्धित डाक्टरहरूले नसर्ने रोग ठुलो सत्रु बनेको र यसबाट कैयौंको ज्यान गइरहेको बताएका छन् । नेपालमा कुल मृत्युको ७१ प्रतिशत नसर्ने रोगकै कारण बनेको छ ।

| क्र.स. | महिनाको नाम | आइतबार दिन | शनिबार दिन | सार्वजनिक बिदाको दिन | विद्यालयमा काम गर्ने दिन |
|---|---|---|---|---|---|
| १. | वैशाख (वैशाख २१ गतेबाट) | १ | १ | - | १० |
| २. | जेठ | ५ | ५ | १ | २० |
| ३. | असार | ४ | ४ | - | २४ |
| ४. | साउन | ५ | ५ | - | २१ |
| ५. | भदौ | ४ | ४ | २ | २१ |
| ६. | असोज | ३ | ४ | ७ | १७ |
| ७. | कार्तिक | २ | ३ | १३ | १२ |
| ८. | मङ्सिर | ४ | ४ | - | २१ |
| ९. | पुस | ४ | ४ | ४ | १८ |
| १०. | माघ | ३ | ४ | २ | २० |
| ११. | फागुन | ५ | ५ | ३ | १७ |
| १२. | चैत | ३ | ४ | १ | २२ |
|  | जम्मा | ४३ | ४७ | ३३ | २२३ |

***विद्यालयमा...***

कतै जानाजानै सरकारले सार्वजनिक शिक्षा अथवा सरकारी लगानी भएको विद्यालय शिक्षालाई कमजोर बनाउन लागेको हो कि भन्ने शङ्का गर्ने स्थान छ ।

आइतबारसमेत बिदा दिँदा सामुदायिक विद्यालयमा के कति बिदा हुन्छ र पठन पाठन, परीक्षा तथा शिक्षकले लिने बिदा के कति हुन्छ भनेर विश्लेषण गर्दा निम्नानुसारको हुने देखिन्छ ।

तालिकामा दिएअनुसार आइतबार, शनिबार र सार्वजनिक बिदा कटाउँदा विद्यालय खोल्ने जम्मा दिन नै २२३ दिन हुन्छ । विद्यालयका शिक्षक कर्मचारीले ३० दिन वर्षे बिदा वा हिउँदे बिदा पाउँछन् । ५ दिन स्थानीय पर्व बिदा हुन्छ । यी दुई प्रकारको बिदा कटाउँदा विद्यालयमा काम गर्नुपर्ने दिन बढीमा १९८ दिन हुन आउँछ ।

विद्यालयमा शिक्षक कर्मचारीहरूले बिरामी बिदा वार्षिक १२ दिन, भैपरी आउने बिदा ६ दिन र पर्व बिदा ६ दिन गरी जम्मा २४ दिन पाउँछन् । बिरामी बिदा सञ्चित गर्न सकिने भएको हुँदा शिक्षक कर्मचारीले अनावश्यक रूपमा लिँदैनन् । तर, भैपरी आउने बिदा र पर्व बिदा सदुपयोग गर्ने शिक्षक-कर्मचारीहरू धेरै हुन्छन् । यी दुई प्रकारको बिदा समेत घटाउँदा एक जना शिक्षकले एक शैक्षिक सत्रमा जम्मा १८६ दिन मात्र काम गर्छन् । यदि बिरामी बिदा पनि सदुपयोग गरियो भने जम्मा १७४ दिन विद्यालयमा काम गर्छन् ।

विद्यालय सञ्चालन हुने १९८ दिनमा पनि विद्यार्थीहरूको प्रथम त्रैमासिक परीक्षा ७ दिन, द्वितीय परीक्षा ७ दिन र वार्षिक परीक्षा ७ दिन समेत गर्दा २१ दिन त परीक्षा नै हुने भयो । साथै एसईई दिने विद्यार्थीहरूको त बढीमा फागुन महिनासम्म मात्र पठन पाठन हुन्छ । तिनीहरूको थप २२ दिन पठनपाठन हुँदैन । चैत महिनाको अन्तिम हप्ताको ७ दिन परीक्षाफल र नयाँ शैक्षिक सत्रको लागि आवश्यक पर्ने हुँदा विद्यार्थीहरूले अध्ययन गर्न पाउने जम्मा दिन (१९८-२१-७ =१७०) १७० दिन मात्र हुन आउँछ । साथै एसईई दिने कक्षा १० का विद्यार्थीहरूको पठन पाठन जम्मा दिन १४८ दिन मात्र हुन आउँछ ।

यसरी सार्वजनिक विद्यालयमा शिक्षा नियमावलीअनुसार २२० दिन विद्यालयमा काम गर्ने दिन तोकिए पनि विद्यार्थीले पढ्न पाउने दिन १४८ दिनमा सीमित हुन जाने सम्भावना छ ।

विगत वर्षहरूमा आइतबारसमेत अध्ययन अध्यापन गर्दा पनि एसईईमा ७० प्रतिशतभन्दा कम परीक्षार्थीहरू सफल भएका थिए भने अब के होला ? त्यसैले यसतर्फ सरकारले पुनर्विचार गर्नुपर्दछ । अभिभावक, विद्यार्थी, शिक्षविद्, स्थानीय तहका जनप्रतिनिधिहरू शैक्षिक प्रशासनमा काम गर्ने कर्मचारीलगायत सबै सचेत नागरिकहरूको ध्यान जानुपर्दछ ।



भक्तपुर नगरपालिका वडा नं. ६ र वडा नं. १० को संयुक्त आयोजनामा ख्वप कलेज, देकोचादेखि वन्तीसम्मको सडक पेटीमा शनिबार वृक्षरोपण कार्यक्रम भयो । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वृक्षरोपण गरी सुरू भएको उक्त कार्यक्रममा वडावासी, छ्किकोङ समूह र ख्वप मा.वि.का विद्यार्थी एवम् शिक्षक कर्मचारीहरूको सहभागिता रह्यो ।

वृक्षरोपणअघि सुरू भएको कार्यक्रममा नगर प्रमुख प्रजापति, वडाध्यक्षद्वय हरिराम सुवाल र लक्ष्मीप्रसाद ह्यौंमिखाले कार्यक्रमको उद्देश्य र वृक्षरोपणको महत्त्वबारे बोल्नुभएको थियो ।

तस्बिर : मजदुर दैनिक

# भ्रष्टाचार पुँजीवादको छायाजस्तै हुने




भक्तपुर, २ साउन । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा २०२५ साल साउन २ गते र २०२६ साल असार १९ गतेको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा शनिबार प्रशिक्षण कार्यक्रम भयो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य उकेश कवांले भ्रष्टाचार पुँजीवादको छायाजस्तै हुने उल्लेख गर्दै पुँजीवादी राज्य व्यवस्थामा उत्पादनका स्रोतसाधानहरू सामाजिकीकरण होइन निजीकरण हुन्छ भन्नुभयो ।

रास्वपाको यो सरकारले पनि देशको सार्वजनिक संस्थानहरू निजीकरण गरेको हुँदा पुरानो सरकार र यो सरकारमा भिन्नता नभएको स्पष्ट पार्दै शासन सत्तामा नपुगेसम्म भ्रष्टाचारको विरोध गर्ने, सुशासन कायम गर्ने नारा दिई जनतालाई उक्साएर आन्दोलन गरी विध्वंस मच्चाउनेहरूले सरकार चलाइरहेको बताउनुभयो ।

शासक दलहरुले भ्रष्टाचार गरेर जनतामाथि ऋणमाथि ऋणको भार बोकाएको उल्लेख गर्दै उहाँले सर्वसाधारण जनतामाथि कर थोपरेर ढाड सेक्ने; शिक्षा, स्वास्थ्य, बिजुलीमा कर लगाएर जनतालाई दु:ख दिएको बताउनुभयो ।

नेपालमा पनि अमेरिकी सेनाको क्याम्प राख्न लागिपरे नेपालको भविष्य झन् खतरामा पर्ने उल्लेख गर्दै उहाँले देशभक्त सचेत नेपाली जनताले हाम्रो देश इरान, युक्रेन, प्यालेस्टिन जस्तो नहोस् भनी देशभक्तिपूर्ण आन्दोलन र भ्रष्टाचारविरोधी आन्दोलन गर्दै जानु आवश्यक छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सचिव हरिराम सुवालले विगतको घटना स्मरण गर्नु भनेको नयाँ पुस्तालाई सचेत पार्नु हो; देश र जनताको नि:स्वार्थ रूपले सेवा गर्न उत्प्रेरित गर्नु हो; राजनीति पैसा कमाउने माध्यम होइन देश र जनताको नि:स्वार्थ सेवा गर्ने माध्यम हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भजिसका अध्यक्ष विष्णुराम दुमरुले मजदुर र किसान काम गरिखाने वर्ग भएकोले वर्गीय भावना कायम गरी एक आपसमा एकजुट भई लाग्नु आजको आवश्यकता हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा केशवप्रसाद तिमिल्सिना र सूर्यबहादुर फोजुले पनि ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको महत्त्वबारे बोल्नुभएको थियो ।

***देशमा...***

राजनीतिमा आउने कार्यकर्ता समाजलाई नि:स्वार्थ रूपमा सेवा गर्छु भनेर आउनुपर्ने उहाँले बताउनुभयो ।

कार्यशाला गोष्ठीमा पलिस्था, स्मृति मानन्धर, कृता कोजु, बिनिसा सकिजू, प्रज्ज्वल खत्री र राज श्रेष्ठले विविध विषयमा बोल्नुभयो ।

नेमकिपा पार्टी वडा समितिका अध्यक्ष कृष्णबहादुर दुगुजुको सभापतित्वमा सम्पन्न कार्यशाला गोष्ठीमा समितिका उपाध्यक्ष एवं भ.न.पा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले कार्यक्रमबारे प्रकाश पार्दै स्वागत गर्नुभयो ।

कार्यक्रममा समितिका सदस्य पृथ्वीराज तुकंबन्जारले पनि बोल्नुभयो ।

कार्यक्रममा छात्रा विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

***जाँच....***

प्रहरी पोस्टहरू आगजनी र तोडफोड गऱ्यो । भिडले पनौती नगरपालिका कार्यालय तथा नगरपालिकाका वडा कार्यालय, प्रहरी चौकी, पाँचखाल प्रहरी चौकी, प्रहरी चौकी हिंगुवा पाटीसमेत आगजनी र तोडफोड गऱ्यो ।

भदौ २५ गते धुलिखेल कारागारमा सामान्य आगजनी र क्षति भए पनि कारागार र कैदीबन्दीहरूलाई सुरक्षित पार्ने काम भयो । कारागार तोडफोड र आगजनी गरी भाग्ने भगाउने प्रयास गर्ने ४ जनालाई जिल्ला प्रहरी कार्यालयको हिरासतबाट केन्द्रीय कारागार काठमाडौंमा स्थानान्तरण गरिएको थियो । भदौ २८ गते रातिबाट कर्फ्यु हटाइयो ।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## आधारभूत कम्प्युटर तालिमसम्बन्धी सूचना

**प्रकाशित मितिः २०८३/०४/०३ गते**

भक्तपुर नगरपालिकाको आयोजनामा **आधारभूत कम्प्युटर तालिम** सञ्चालन हुने भएकोले इच्छुक एस.ई.ई. वा सो सरह उत्तीर्ण नगरवासीहरूले १५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा, कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य विस्तृत जानकारीको लागि आ-आफ्नो वडा कार्यालयहरूमा सम्पर्क गर्नुहोला ।

**नोट**:-
- निवेदन फाराम सम्बन्धित वडा कार्यालयहरूमा उपलब्ध गराइनेछ ।
- फाराम तथा टिकट दस्तुर रू. ११०।- लाग्नेछ ।
- मासिक शुल्क रू. ५००।– लाग्नेछ ।
- निवेदनका साथ नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा